# संघीय संसद
# राष्ट्रिय सभा
# बाह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ३१ भदौ २०७९
# शुक्रवार
# बैठक सङ्ख्या- ५८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १२:५९ बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई एक एक मिनेटको समय निर्धारण गरेको छु । माननीय सदस्यहरू, शून्य समय अहिले उद्घोषण गरेकोलाई हटाएको छु ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न सयम उपलब्ध गराउँछु ।

माननीय कमला पन्त । समय ८ मिनेट । यसपछि माननीय देवेन्द्र दाहाल ।

**माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, समयको लागि धन्यवाद । अध्यक्ष महोदय, हामी संघीय संसदको प्रतिनिधि सभाको र प्रदेश सभाको निर्वाचनको सङ्घारमा छौं । हामी यसलाई व्यवस्थापन गर्ने ठाउँमा निर्वाचन आयोग छ । सरकार छ । सबै आआफ्नो ठाउँमा आफ्नो; आफ्नो आफ्नो आफ्नो काम सबैले गरिराखेको अवस्था छ । र निर्वाचनको त्यसमा पनि निर्वाचनमा कसले भाग लिने ? को उम्मेदवार हुन सक्छ ? उम्मेदवारी कसरी चयन गर्ने भन्ने कुराको मुख्य कलाकार भनेको मुख्य Actress भनेको राजनीतिक दलहरू हुन । अध्यक्ष महोदय यो दलहरूलाई हामीले पनि ठाउँ ठाउँमा अनुरोध गरेका छौं । म अध्यक्ष महोदयसँग पनि अनुरोध गर्छु । अध्यक्ष महोदयले पनि यसलाई विशेष चाखका साथ विशेष Interest राखेर नै यसलाई गम्भीरताका साथ लिनु हुने छ भन्ने मलाई विश्वास छ । अहिले हामी १६५ जना प्रतिनिधि सभा ३३० प्रदेश सभाका सदस्यहरू निर्वाचित हुन्छौं । सबै राजनीतिक दलहरूले आफ्ना आफ्ना उम्मेदवारहरू उठाउनुहुन्छ । हामीलाई चिन्ता कहाँ छ भने अध्यक्ष महोदय, महिला सदस्यहरू जो मतदाता धेरै ठुलो सङ्ख्या छ । त्यो सङ्ख्या चाहिँ निर्वाचनमा भाग लिनलाई अलि अगाडि अगाडि त केही आठ दश वर्ष पहिला त हामीलाई नेतृत्वगणले के भन्थ्यो भने महिलाको क्षमता अलि अभिवृद्धि गर महिला अलिसक्षम छैन्न कि ? भन्ने कुरा गर्नुहुन्थ्यो हामीलाई पनि त्यही महसुस हुन्थ्यो । क्षमता वृद्धि गर्नुपर्‍यो अनि त्यसपछि हामी अलि आग्रह बढाउँला भन्ने लाग्थ्यो हामीलाई तर अहिले क्षमतावान महिलाहरू सङ्ख्यामा वृद्धि भएको छ । मलाई भूगोलमा जान्छु म । म भूगोलमा गएर निर्वाचनमा भाग लिन्छु भनेर कसिएर बसेको महिला साथीहरू धेरै हुनुहुन्छ । र उहाँहरूलाई चाहिँ उद्धारताका साथ एकदम हार्दिकताका साथ महिलाहरूको दह्रो संलग्नता नभइकन यो मुलुकको राजनीति अगाडि बढाउनको निम्ति र मुलुक अगाडि बढाउनको निम्ति, सुशासनको जनतालाई सुशासनको प्रत्याभूति दिनको निम्ति पनि यो महिलाहरूको सहभागिता वृद्धि गर्न जरुरी छ । त्यसैले बृद्धि गर्नुपर्छ भन्ने महसुस गर्दै आउनुपर्ने अवस्थामा अब अघिल्लो पटक २०७४ को निर्वाचनमा हामीले देख्यौं अध्यक्ष महोदय, हरेक राजनीतिक पार्टीले म यो पार्टी चाहिँ अलि उद्दार छ भनेर यो फ्लोरबाट म भन्न सक्दिनँ ।

हरेक राजनीतिक पार्टीले पुगी नपुगी १० प्रतिशत महिला, १० प्रतिशत महिलाभन्दा २४ जना महिला हुँदो रहेछ जम्मा प्रतिनिधि सभामा । त्यो सङ्ख्या पुर्‍याउनको लागि असाध्यै गाह्रो भो बल्ल बल्ल खोजेर पुर्‍याउनुभो' किन भन्दा उहाँहरूको नजरमा महिलाहरू देखिएनन् । अहिले हरेक राजनीतिक पार्टीमा मैले देखेको छु धेरै साथीहरू, महिलाहरू

चिन्छु । हरेक राजनीतिक पार्टीमा म सक्षम छु म भूगोलमा जान चाहन्छु भनेर आग्रह गरिरहनुभा' छ । अध्यक्ष महोदय, उहाँहरूले कति पाउनुहुन्छ । निधो भा'को छैन् । मलाई सङ्ख्याको बारेमा ज्ञान छैन । कति दिनुहुन्छ राजनीतिक पार्टीहरूले मेरो आग्रह राजनीतिक पार्टीहरूलाई हाम्रो नेता भा'को कारणले यो हाउसको नेता भा'को नाताले म सम्माननीय अध्यक्षज्यूलाई पनि आग्रह गर्छु । एकदम महिलाहरू सुशासनको निम्ति पनि राज्य संयन्त्रको मूल धारमा पुग्नुपर्छ भन्ने कुराको सोच रहनेछ भन्ने कुरा म आग्रह गर्न चाहन्छु ।

अर्को अध्यक्ष महोदय, २०४७ सालको संविधानमा ५ प्रतिशत महिलाले उम्मेदवारी पाउने त्यो पहिलो संविधान हो । अहिलेसम्म ७ ओटा संविधान बनिसके । त्यो पहिलो संविधान हो जुन संविधानले ५ प्रतिशतै सही रिजर्भेसनको व्यवस्था गरेको थियो । आरक्षणको व्यवस्था गरेको थियो । त्यसमा ११ जना हाम्रा मूर्धन्य महिला नेताहरूलाई पनि त्यहीभित्र राखेर ११ जनालाई टिकट दिइयो । ११ जनामा ६ जना महिलाले एउटा राजनीतिक पार्टीबाट ६ जना महिलाले जितेको पनि हामीलाई अनुभव छ । त्यसले गर्दा महिलाहरूले निर्वाचनमा भाग लिन सक्दैन भन्ने हैन निर्वाचनमा जित्न सक्छन् भन्ने मानसिकता नेतृत्वगणले पुऱ्याउनुपऱ्यो । यो म सम्माननीय अध्यक्ष महोदयमार्फत आग्रह गर्न चाहन्छु ।

र २०४७ पछि २०६२/०६३ को अन्तरिम संविधान बन्यो त्यसले एकतिहाइ महिलाहरूको सहभागिताको ग्यारेन्टी गर्यो । त्यसपछि आएर अहिले २०७४ को संविधानले पनि गरेको छ । त्यो संविधानमा मलाई पनि कहिले कहिले म संविधान सभाको सदस्य पनि भ'को कारणले गर्दा त्यसमा यति जना भूगोलमा भन्ने कुरा तोक्नुपर्ने कुरा रहेछ । त्यो चाहिँ कमी कमजोरी नै भए छ कि जस्तो लाग्छ । तैपनि संविधानमा हामीले त्यो जरुरी थियो भन्ने महसुस गरे पनि हाम्रो नेतृत्वगणले त्यो महसुस गराउँदैन । र नेताहरूले अवश्य पनि महिलाहरूलाई भूगोलमा जाने व्यवस्था महिलाको क्षेत्र छैन, महिलाको माइतीबाट घरमा गई भन्छन् । घरबाट माइती गई भन्छन् । लावारिसको अवस्थामा महिलाहरूलाई राखेर यो मुलुको राज्य संयन्त्रमा सुशासनको प्रत्याभूति जनताले प्राप्त गर्न सक्दैनन् भन्ने मैले महसुस गरेको छु अध्यक्ष महोदय त्यसले गर्दा म यो आग्रह गर्छु; अनुरोध गर्छु; यो निवेदन गर्छु अध्यक्ष महोदयमार्फत भूगोलमा जानको निम्ति भाग पुगेन भन्ने कुरा चाहिँ कुनै पनि राजनीतिक पार्टीहरूले नगर्दिएदेखि हुन्थ्यो भन्ने कुरामा म अनुरोध गर्छु ।

अर्को कुरा अध्यक्ष महोदय, हामी अब अहिले एकदम नेपालीहरूको महान पर्वहरूको मुखमा छौं । महान पर्वहरूको मुखमा भा'को बेलामा सरकारले बजारको व्यवस्था के गरेको छ । निमुखा, गरिब, दुई छाक खान पनि गाह्रो पर्ने जनताहरूलाई के सोचेको छ ? र सप्पै मै जस्तो छन् भन्ने पनि सोच बनाको छ भने गलत कुरा गलत अनुमान हुन सक्छ । त्यसले गर्दा उनीहरूलाई सस्तो बजारको व्यवस्था गर्ने अलि कति सहज ढङ्गबाट वस्तुहरू उपलब्ध गराउने, पहिला पहिला सस्तो बजारको व्यवस्था गर्ने, गाउँ गाउँमा पनि सस्तो पसलहरूको व्यवस्था हुन्थ्यो । अब अहिले मलाई लाग्छ म आशावादी छु । सरकार गर्दै होला भन्ने कुरामा म आशावादी छु । त्यो तत्काल गर्नुपर्छ र विशेषतः हामीकहाँ मूल्यको बारेमा कुनै ठेगान छैन । मूल्य अनुगमन गर्ने आज भोलि बजार मूल्य अनुगमन गर्न जानु छ आजैदेखि हल्ला हुन्छ । अनि अनुगमन त्यो बजारमा त अनि प्रतिस्पर्धा गर्नेहरूले त अनुगमनमा आउँछ भनेपछि सतर्क भइहाल्छ नि । अनुगमन गर्न जाँदा त खबरै नगरी जानुपर्‍यो, भन्दै नभनी जानुपर्‍यो हाम्रो पनि तौर तरिका त्यति सहज छ जस्तो मलाई लाग्दैन । त्यसले गर्दा निमुखा एक पेट खान नसकेका जनताको निम्ति पेटभरि खानको लागि बजारमा बजारको सस्तो बजारको व्यवस्था गरेर दसैं तिहार जस्तो महान चाडमा सबै नागरिकले खुसी साथ एक पेट खान सक्ने र राम्रो नराम्रो आफ्ना केटाकेटीलाई बालबच्चालाई लगाउन दिन सक्ने परिस्थितिको सिर्जना गर्नको निम्ति म आग्रह गर्छु ।

र अन्त्यमा अध्यक्ष महोदय, नजिकमा आ'का चाड पर्वहरू धेरै अब फेरि बोल्न पाइन्छ पाइँदैन जस्तो लाग्छ यो हाउसमा त्यसले गर्दा चाड पर्वहरूको हार्दिक शुभकामना व्यक्त गर्दै सम्माननीय अध्यक्ष महोदयलगायत र मार्फत पनि म शुभकामना व्यक्त गर्दै मेरो भनाइ यहीँ अन्त गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय देवेन्द्र दाहाल । समय १८ मिनेट । यसपछि माननीय माया प्रसाद शर्मा ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामीले धेरै दिन पछाडि यो विशेष समय लिएर बोल्न लागिरहेका छौं आज । विशेष कारणवश त्यस्तो कुनै समस्या भएर त होइन । यही सदनकै बिजनेस अलि व्यस्त भएको कारणले नै हो हामीले विशेष समयमा बोल्ने हाम्रो चलन परम्परा थियो । अलि

ढिलो गरेर विशेष समयमा आज बोल्दै छौं । म के ज्वलन्त केही ज्वलन्त विषयहरू जो हाम्रो अगाडि सम्मुखम निर्वाचन पनि आइरहेको छ । आगामी मङ्सिर ४ गते निर्वाचन, आम निर्वाचन नेपालीहरूको यो पनि एउटा महान चाड पनि हो । यो निर्वाचन आइरहेको छ । र त्यसमा सबै राजनीतिक दलहरू केन्द्रित भएर लागिरहेको अवस्था छ । लोकतन्त्रका लागि प्रजातन्त्रका लागि दलहरू जनताको बिचमा जाने बेला भएको छ । र त्यही सन्दर्भको एकदमै हामीहरू चाहिँ अब अन्तिम यो बैठको पनि अन्तिम अवस्थामा छौं । सायद आजदेखि पछाडि बैठक होला नहोला हुन पनि सक्छ । भरै सम्माननीय अध्यक्षज्यूले यस बारेमा हामीलाई जानकारी पनि गराउनुहुने छ । र हामी निर्वाचनमा केन्द्रित भएर लाग्ने छौं ।

यति बेला गठबन्धन बनाएर प्राय सबै राजनीति शक्ति एमालेको विरुद्धमा केन्द्रित छन् । यो गठबन्धन केको गठबन्धन हो ? मान्छेहरूले बुझ्न सकेका छैनन् । र आआफ्नै खालको तर्कहरू छन् । गठबन्धनवालाहरूको के तर्क छ भने यो प्रतिगमनको विरुद्धको गठबन्धन हो । प्रजातन्त्रका लागि को गठबन्धन हो । मैले यसो हेरेँ । यो साँच्चै प्रतिगमन भएको हो कि हैन त भन्दाखेरि यस बिचमा कति मान्छे पक्राउ परे, कति मान्छेलाई चाहिँ यातना दिइयो ? कति मान्छेहरूले चाहिँ दुःख पाए आफ्ना आवाजहरू उठाउन पाएनन् भन्दा केही पनि छैन र प्रजातन्त्रमाथि खतरा कहाँनिर छ भन्दा त त्यो पनि छैन भनेपछि अर्कोतर्फ आम जनताको के तर्क छ भने यो गठबन्धन बाँडीचँडी खानको लागि गठबन्धन हो । बजेट बनाउँदा वा करका दरहरू निर्धारण गर्दा अनाधिकृत व्यक्तिलाई प्रवेश गराएर दलाल पुँजीपतिको रक्षामा करका सहुलियत वा छुट दिने सीसीटीभी फुटेज नष्ट गर्ने वा लुकाउने र गठबन्धनको बहुमत हुने गरी संसदीय समिति बनाउने र बहुमतको आधारमा रिपोर्ट बनाउने र दुनियालाई मुर्ख बनाउने गठबन्धन हो । अर्कातिर जनताहरूले यो भनिरहेका छन् ।

यो गठबन्धन सत्ताको लुछाचुँड्को लागि गठबन्धन हो । यो गठबन्धन विकास निर्माणको काममा अवरुद्ध गर्ने गठबन्धन हो । राष्ट्रियताको पक्षमा उभिएकाहरूको र चुच्चे नक्सा जारी भएपछि त्यसको विरुद्धको र अब यो लिम्पियाधुरा लिपुखेक र कालापानी नेपालकै हो भनेर आवाज दबाउने र भन्नेहरूको आवाज दबाउने र त्यो जमिन प्राप्त गर्न लाग्ने अभियानलाई रोक्ने गठबन्धन हो । अर्कोतिर यो कुरा पनि जनताले उठाइरहेका छन् । सत्य के हो ? साँचो को हो ? ती जनताले भोलि मूल्याङ्कन गर्ने छन् । मैले यो विषय पृष्ठभूमिको रूपमा मात्र उठाएको हो । मेरो उद्देश्य, मेरो मक्सत त्यो होइन ।

सम्माननीय अध्यक्ष महोदय, बहुदलीय व्यवस्था भनेको पार्टीहरू खोल्ने जनताको बिचमा आफ्ना नीति तथा कार्यक्रमहरू संप्रेषित गर्ने, धेरैभन्दा धेरै जनताहरू आफ्नो पक्षमा आकर्षित गर्ने, आवधिक निर्वाचनमा आआफ्ना घोषणा पत्रहरू जारी गर्ने, जनतासँग मत माग्ने, देशको संविधानअनुसार विभिन्न तहमा वा संसदीय सिटहरूमा बहुमत हासिल गर्ने र निर्वाचित भएर जनताबाट अनुमोदित हुँदै जनताको पक्षमा काम गर्ने नै हो भन्ने लाग्छ । त त्यसो भए यो गठबन्धनले त्यसो गर्न दिएको छ त ? यो गठबन्धनले त्यसो गर्न दिएको छैन । यहाँ त जीवनभर क्रान्तिको कुरा गरेको छ । नयाँ जनतावाद प्रजातन्त्रिक समाजवाद भनेको छ । अनि बल्ल बल्ल ५ वर्षमा आउने निर्वाचनमा जनतालाई काँग्रेसले हसिया हतौडामा भोट हाल्न लगाउँछ । र माओवादीले रुखमा भोट हाल्न लगाउँछ । के त्यसै गर्दा समाजवाद आउँछ ? प्रजातान्त्रिक समाजवाद आउँछ ? के त्यसै गर्दा नयाँ जनवाद आउँछ ? यो जनताप्रति धोका हैन र ? मेरो प्रश्न यहाँनिर छ । एउटा मलाई प्रश्न गर्न मन लागेको छ । के एमालेबाहेक सबै पार्टीसँग गठबन्धनबाहेक एक्लै चुनाव लड्ने सामर्थ्य गुमिसकेको हो ? सुनिँदै छ गठबन्धन अझै कसिलो बनाउने रे । तर बालुवाटारमा बालुवा पेलिँदै छ र केही निस्किएको छैन् त्यहाँबाट । त्यहाँ सिट बाँडफाँट गरिँदैछ । तर त्यो सिट बाँडफाँट गर्न सकेको अवस्था छैन ।

सम्माननीय अध्यक्ष महोदय, मलाई यस सन्दर्भमा लामो समयसम्म प्रजातन्त्रका लागि लडेको नेपाली काँग्रेस यहाँ छ । मैले काँग्रेसपट्टि लाञ्छाना गर्न खोजिएको छैन । पूर्वराष्ट्रपति रामवरण यादवले भनेको कुरो मैले सम्झिरहेको छु । भर्खरै उहाँले एउटा Statement दिनुभा'छ । उहाँले भर्खरै वक्तव्य दिनुभा'छ । के भन्नुभा'छ भने नेपाली काँग्रेस जनतासँग जान पनि अरू दलसँग अंशवण्डा गरिरहेको बारेमा चिन्ता व्यक्त गर्नुभा'छ । अनि उहाँले भन्नुभा'छ मेरो कुरा हैन । उहाँले भन्नुभा'छ मैले सुनें साच्चै हो कि होइन त उहाँले भनेको कुरो भनेर सुन्दाखेरि उहाँले नै भनेको रहेछ । अहिले टिकट किनबेच भइरहेको छ । टिकट किन्नेलाई काँग्रेस भन्ने गरिन्छ भनेर उहाँले बताउनुभयो । अनि उहाँले के भन्नुभयो भने तपाईंहरूले सुन्नुभयो होला नि काँग्रेसमा समानुपातिकको टिकट बिक्री भएको छ । पालिका र वार्डको समेत टिकट बिक्री भएको कुरा बताउनुभयो । यो पूर्वराष्ट्रपति रामवरण यादव जो नेपाली काँग्रेस लामो समयसम्म बिताउनुभयो उहाँले बताउनुभा'को छ । अनि उहाँले अन्तिममा भन्नु भा'छ । काँग्रेसको बारेमा राम राम भन्न सकिन्छ । अरू केही गर्न सकिदैन भन्नुभा'छ । त्यसकारण मैले प्रसङ्ग उठाइरहँदाखेरि यो

किन उठाको भने पुराना काँग्रेसका नेताहरू पनि यो भनिरहेका छन् । त्यसले गर्दा मैले प्रसङ्ग उठाएको थिएँ ।

बहुदलीय व्यवस्था २०४६ सालमा हामीले बहुदलको लागि लड्यौं । संयुक्त ढङ्गले लड्यौं नेपाली काँग्रेस र वाममोर्चा मिलाएर । २०६२/०६३ सालमा पनि हामी फेरि प्रतिगमन भयो भनेर साँच्चिकै प्रतिगमन त्यो थियो । राजाले सम्पूर्ण शक्ति हातमा लिएको प्रतिगमन त्यो थियो प्रतिगमनको विरुद्धमा हामी लड्यौं । नेपाली काँग्रेस र नेपालका वामपन्थी पार्टीहरू भएर प्रतिगमनको विरुद्धमा लड्यौं । र हामीले के भन्यौ भने दल खोल्न पाइएन् । दलका गतिविधिहरू गर्न पाइएन भनेर २०४६ सालमा दल खोलेर आफ्ना विचारहरू जनताको बिचमा लान पाउने भनेर हामीले आन्दोलन गऱ्यौं । हामी सङ्घर्ष गऱ्यौं र संयुक्त आन्दोलनबाट हामीले बहुदलीय व्यवस्था प्राप्त गऱ्यौं । यद्यपि राजतन्त्र हटाउन सकेनौं । तर २०६२/६३ को जनआन्दोलनपछि हेर्ने हो भने यही सदनबाट अथवा संघीय संसदको सदनबाट राजतन्त्र अन्त्य भएको घोषणा गऱ्यौं र गणतन्त्र स्थापना भएको घोषणा गऱ्यौं र राजतन्त्रलाई हामीले नारायणहिटी दरबारबाट त्यहाँबाट हटायौं । तर यो केको लागि थियो त भन्दा यो केको लागि थियो भने यो चाहिँ बहुदलीय व्यवस्थामा दलहरूले प्रतिस्पर्धा गरेर श्रेष्ठता हासिल गर्नका लागि थियो तर त्यो भइरहेको छैन यहाँ । त्यो गर्न दिएको छैन । त्यसले गर्दा मैले अगि भनें जनताहरू अन्योलमा छन र बिचल्लीमा परेका छन् । अब यत्रो वर्ष काँग्रेस बनियो । अब कम्युनिष्टलाई भोट हाल्नुपर्ने भो ।

अनि माओवादी पनि २०६२/०६३ को जनआन्दोलनपछि राजनीतिको मूलधारमा आयो । हतियार बोकेर जङ्गलमा हिंडिरहेको माओवादी संसदीय राजनीतिमा आयो र उसले पनि संसदीय राजनीतिमा आयौं । अब हामी नेपालमा जनवाद ल्याउँछौं, नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्छौं भनेर आयो अनि जनतालाई विभिन्न सपनाहरू बाँड्यो । ती सपनाहरू सपनामै सीमित भए । अब रुखमा भोट हाल्नुपर्ने भयो । त्यस्तो स्थिति छ । यसले गर्दाखेरि यो गठबन्धनको बारेमा अलिकति मैले भन्न खोजको विषय के भने राजनीतिक पार्टीहरूको त्यो नेकपा एमालेबाहेकका राजनीतिक पार्टीहरूको युमिनिटी पावर भन्छ । त्यो नष्ट हुँदै गइरहेको छ । अब सङ्गठन केका लागि खोल्ने, दलमा केका लागि लाग्ने, सङ्गठन के का लागि बनाउने भन्ने कुराहरू आइरहेको छ । त्यसले गर्दा मैले यो कुराहरू चाहिँ प्रजातन्त्रका लागि नै प्रजातन्त्रको संस्थागत विकासको लागि नै भनिरहेको छु । अब दलहरूले आफ्नो चुनाव चिह्न बिर्सिन थालेका छन् । दलका जनताहरूले यहाँ दुइटा कुरा छ बुझ्नुपर्ने कुरा गठबन्धन भन्ने छ । अर्को चुनावी तालमेल त विभिन्न ठाउँमा

हुन पनि सक्छ भएको पनि हो । त्यो प्राकृतिक पनि हुनुपर्दो रहेछ । अप्राकृतिक होइन । कम्युनिष्ट, कम्युनिष्टहरू एक ठाउँमा भए अरे, प्रजातन्त्रवादी, प्रजातन्त्रवादी एक ठाउँ भए अरे भन्दा त्यो त एउटा प्राकृतिक नै हुने भए नि । तर यहाँ हुँदै नभएको प्रतिगमन भनेर कसैप्रति लक्षित गरेर यो गठबन्धन गरिएको छ ।

त्यसले गर्दा यो गठबन्धन विचारमा आधारित हो कि होइन भनेर हेर्दाखेरि पनि विचारमा आधारित भएन । गठबन्धनको लक्ष्य के हो त ? अहिले अन्योल छ । यो गठबन्धनले कहाँ पुग्न चाहेको हो ? अन्योल छ । म एउटा चुनौती दिन चाहन्छु । यो रोष्ट्रममार्फत काँग्रेस वा माओवादी कसैले पनि हामी एक्लै बहुमतको सरकार बनाउँछु भनेर भन्न सक्ने स्थिति छैन । सक्नुपर्ने हो । निर्वाचनमा जाँदाखेरि त म एक्लै बहुमतको सरकार बनाएर जनतालाई जनताको नेतृत्व गर्छु, विकास गर्छु, निर्माण गर्छु, समृद्धि ल्याउँछु भनेर भन्न सक्नुपर्ने हो तर भन्न सक्ने स्थिति छैन । र जनताले सुन्ने गरी म भन्न चाहन्छु । बहुमतको सरकार बनाउँछु भनेर हामी भन्छौं । हामी स्थिरता दिन्छौं राजनीतिमा नेकपा एमाले त्यो भन्छ । र जसले बहुमतको सरकार बनाउन सक्छु भनेर भन्न सक्दैन त्यसलाई जनताले भोट हाल्दैनन् मलाई लाग्छ । हाल्नु हुँदैन । मतदान गर्नुहुने छैन जनताले । र त्यस्तोलाई भोट दिनुहुँदैन भन्छु म किनभने के उद्देश्य हो ? के लक्ष्य हो ? के दिने हो भन्ने कुरो पार्टी खोलेर बासिसकेपछि पार्टी खोलेर कार्यालय खोलेर बसिसकेपछि र दल बनाइसकेपछि भन्न सक्नुपर्छ र कसैले भन्न सक्नुहुन्छ जस्तो मलाई लाग्दैन । र सम्माननीय अध्यक्ष महोदयमार्फत म अनुरोध गर्न चाहन्छु । कसले भन्छ त ल । बहुमतको सरकार बनाएर यो देशको समृद्धि गर्छु । यो देशको मुहार फेर्छु भनेर कसले भन्न सक्छ । यहाँ कस्तो छ भने उम्मेदवारको लागि सिट बार्गिनीङ गर्ने र जितिसकेपछि प्रधानमन्त्री र मन्त्री बार्गिनीङ गर्ने यही होइन र ? अनि उही अस्थिरता, उही अनियमितता, उही भागवण्डा देशले काँचुली कहिले फेर्ने ? यहाँ देश बनाउने हैन नेताहरूको व्यवस्थापनको कुरा भइरहेको छ । यो देशको गरिबी कसरी हटाउने द्रुत विकासको गतिमा देशलाई कसरी अगाडि बढाउने ? आर्थिक विकास गर्दै मुलुकलाई आत्मनिर्भर कसरी बनाउने ? यसमा गठबन्धनको ध्यान छैन । गठबन्धनको सैद्धान्तिक आधार के हो ? नीतिगत आधार के हो ? त्यस बारेमा छलफल भएको मैले काहीं सुनेको छैन । मात्र छलफल के भइरहेको छ भने सिट बाँडफाँट गर्ने कसरी ? नेताहरूको व्यवस्थापन कसरी गर्ने ? यही हो त प्रजातान्त्रिक अभ्यास ? यो हो जस्तो मलाई लाग्दैन ।

यो गठबन्धनले जनतालाई प्रताडित बनाएको छ । कुनै विकासका कामहरू हुँदैनन् । देश विकासका काम ठप्प छ । भष्टाचार व्याप्त छ । अघिल्लो वर्षको विकास खर्च ५७ प्रतिशतमात्र भयो । रोजगारी सृजना गर्ने कुनै कार्यक्रम छैन्न । सुशासन दिन सकेको छैन बेथिति छ । अनुशासनहीनता छ । जति बेला जनादेशको सरकार थियो त्यति बेला अदालतमा न्यायाधीशहरूको हड्ताल हुन्थ्यो । वकिलहरू अदालतको हाताभित्र पसेर नारा जुलुस गर्थे । यो मुद्दामा यो यो न्यायाधीश राख्नुपर्छ । यो मुद्दामा यो यो न्यायाधीश राख्नुपर्छ भनेर भन्थ्ये । र तिनीहरूले जे जे भन्थ्ये त्यही त्यही गरिन्थ्यो । यो गरेर हामीले कस्तो प्रजातन्त्रको अभ्यास गरेका हौं ? हाम्रा सन्ततिलाई कस्तो पाठ पढाइरहेका छौं ? यति बेला सत्तापक्षका सांसदहरूले प्रधान न्यायाधीशलाई महाअभियोग अगाएका छन् । तर त्यसको प्रक्रिया ६/७ महिनासम्म अवरुद्ध भयो । त्यसलाई फेरि नाटकीय पाराले अघि बढाइएको छ । यति बेला महाअभियोग सिफारिस संसदीय समितिमा महाअभियोग लगाइका प्रधान न्यायाधीशको बयान बाजी चलिरहेको छ । गठबन्धनका सारा कर्तुतहरू छताछुल्ल भइरहेका छन् । न्यायालय कति बेथितिबाट चलिरहेको थियो भन्ने कुरा त छर्लङ्ग भएको छ । आफ्ना सत्ता लिप्साका लागि न्यायलयमा कस्ता अपेक्षाका साथ दवाव दिन आउँथे । भष्टाचार र कुकृत्यलाई लुकाउनका लागि कस्ता कस्ता हर्कत हुने गर्थे त्यो पनि छताछुल्ल भएको छ । यतिखेर अर्को पनि प्रश्न उठेको छ । महाअभियोगका क्रममा बयानबाजी चलिरहँदा चोलेन्द्रले डामेकाहरूलाई उन्मुक्ति दिने कि कठघरामा उभ्याउने ? एक जना वरिष्ठ वकिलले भरखरै मात्र सेटिङ मिलाएर भष्टाचार गरेर मुद्दा फैसला गर्थे भनेर भन्नुभएछ । तर ती न्यायाधीश कर ठगी प्रकरणमा अख्तियारमा मुद्दा परेका न्यायाधीश हुन् । ती न्यायाधीश हैन वकिल । त्यो वकिल चाहिँ कर ठगीको प्रकरणमा मुद्दा परेका वकिल हुन् । तिनले त्यस्ता कुरा गरिरहेका रहेछन् ।

शक्तिपृथकीकरणको सिद्धान्तअनुसार कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको व्यवस्था छ । तर न्यायपालिकालाई सबै काममा हस्तक्षप गर्ने र कार्यपालिकाले पनि न्यायपालिकालाई नियन्त्रण राख्ने जस्ता कोसिस भइरहेको छ । भन्ने कुरा स्पष्ट भए को छ । परमादेश जारी गरेर निर्वाचित सरकारलाई सत्ताच्युत गरेर ..... सरकार बनाउने परमादेश दिँदा कतिपयले भने न्यायलयले प्रजातन्त्र बचायो । तर म भन्छु । यो निर्णयले प्रजातन्त्रलाई ड्यामेज बनायो । कानुनको शासनको धज्जी उडायो । संसदको संवैधानिक अधिकारमाथि अदालतले गम्भीर हस्तक्षप गर्यो । यसरी यो देशमा बेथितिहरू चाहिँ अगाडि बढिरहेका छन् । र चुनावको सम्मुखमा छौं हामी र चुनावको सम्मुखमा हुदाँखेरि हामीले

जनतालाई यी सबै कुराको जवाफ दिनुपर्ने भएको छ । सबै दलहरू अब चोलेन्द्र शमशेर जुन संसदको कठघारामा उभिएका छन् । अहिले त्यसरी जनताको कठघारामा चाहिँ फेरि दलहरू उभिनुपर्ने छ । दलहरूले के सोचेका छन् भन्दाखेरि यी गठबन्धन दलका साथीहरूले के सोच्नुभएको छ भने गठबन्धन गर्यौं अब हामी टाउको मिल्यौं जनताले सप्पैले हामीलाई भोट दिन्छन् । र त्यो भोट दिएपछि हामी जित्छौं भन्ने सोच्नुभएको छ । तर जनतालाई पनि मुर्ख बनाउनुहुँदैन । जनताले यसरी भोट हाल्दैन । जनता न्यायसङ्गत ढङ्गले जनताले निर्णय गर्ने छन् । त्यसले गर्दाखेरि जनतालाई हामीहरूले ठग्ने, झुक्याउने काम नगरौं जनतालाई । र दलहरूले यो अहिलेको माग के हो भने गठबन्धनबाट देशलाई मुक्त गर्नु हो । त्यसकारण जनताले गठबन्धनको विरुद्धमा मतदान गर्ने छन् । र न्यायको पक्षमा मतदान गर्ने छन् । त्यसकारण मलाई लाग्छ । यी सबै कुराहरूलाई हेर्दाखेरि अब हामीले हामी निर्वाचनको सम्मुखमा अगाडि बढ्दै छौं र म अन्तिममा विजया दशमी र नजिकै आएको छ । हाम्रा चाड पर्वहरू नजिक आएका छन् । यो सबै चाड पर्वहरूको उपलक्ष्यमा सबै माननीयज्यूहरूलगायत यो सभामार्फत आम नेपाली जनतालाई हार्दिक सुभेक्षा शुभकामना व्यक्त गर्दै आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । हस् त, धन्यवाद ।

**पीठासीन**ः- माननीय अनिता देवकोटा ।

**सम्माननीय अध्यक्ष**ः- माननीय माया प्रसाद शर्मा । समय १५ मिनेट । यसपछि माननीय जयन्ती देवी राई ।

**माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सभापतिको लागि निर्वाचित गर्नका लागि सिफारिस गर्ने नेकपा माओवादी केन्द्रका अध्यक्ष, समर्थन गर्ने सम्पूर्ण दलका नेताज्यूहरू, व्यवस्थापनका निमित्त पहल गर्ने सम्माननीय अध्यक्ष, निर्वाचित गराउनुहुने माननीयज्यूहरू र त्यसको व्यवस्थापनको तालमेल मिलाउने राष्ट्रिय सभाका सचिव, अन्य कर्मचारी सबैमा हार्दिक हार्दिक धन्यावद व्यक्त गर्न चाहन्छु ।

अध्यक्ष महोदय, देशका धेरै ठाउँहरूमा बाढी पहिरो गएको छ । दार्चुला आज भयावह स्थितमा छ । काभ्रेमा त्यस्तै प्रकारको मानवीय क्षतिसहित बाढी पहिरोले सताइराखेको छ । जाजरकोट-डोल्पा-भेरी करिडोरको टिपेमा ठुलो पहिरो गएर डोल्पा जाने साधनहरूलाई जानका निमित्त धेरै समय रोकिराखेको स्थित छ । बारीकोट क्षेत्र, जुनीचाँदे क्षेत्र भेरीको वडा नम्बर २, दैलेखको नौमुलेलगायतका तमाम ठाउँहरूमा बाढी पहिरोले क्षतविक्षत बनाएको छ । त्यसको क्षतिपूर्तिका लागि पहल गरिदिनुहुन र त्यहाँ यातायात सुचारुको निमित्त पहल गर्नका निमित्त अध्यक्ष महोदयमार्फत नेपाल सरकारलाई अनुरोध गर्न चाहन्छु ।

हामीले अर्कोतिर हामीले यो डेङ्गु रोग पनि एउटा भयाभ स्थितिमा आएको छ । १२ हजारभन्दा माथि मान्छेहरूलाई प्रभावित बनाएको सूचनाहरू दर्जनौं मान्छेहरू दिवङ्गत भएको सूचनाहरू प्राप्त भएका छन् । र यसको उपचारको लागि सरकारले पहल गर्ने कुरामा ढिलाइ किन गराएको छ ? जिज्ञासा छ । र यसको सचेत पहल गरोस् । औषधी उपचारको बारेमा सबै पहल कदमी अगाडि बढाउन मेहनत गरोस् । र नियन्त्रणका निमित्त जोड गरोस् । मैले यो कुरा राख्न चाहन्छु ।

अध्यक्ष महोदय, हामी राष्ट्रिय सभामा हामी बोल्दै छौं । राष्ट्रिय सभा एउटा बौद्धिकहरूको थलो हो । र यो विज्ञहरूको थलो हो । र बुढापाका चेतनशील मान्छेहरूको थलो हो भनेर भनिन्छ । यसको गरिमा र ओचका बारेमा छलफलहरू बहसहरू चल्दै गएका छन् । चलिरहेका छन् । मैलाई पनि लाग्छ । यो एउटा ..... बित्तिकै विघटन गरेर विघटन हुँदैन । स्थायी सधैं हो । यसलाई विघटन गर्न जतिसुकै झोक चले पनि जतिसुकै रिस चढे पनि विघटन गर्न सकिदैन । र यसलाई ९/१० महिना बिनाकारण अवरोध गर्न पनि सकिदैन । यो सुचारु हुन्छ सहमतिमै चल्छ । मैले यसलाई एउटा महत्त्वपूर्ण र ऐतिहासिक हाम्रो संविधानमा उल्लेख गरेको राष्ट्रिय सभा हो भन्ने बुझ्छु । तर हाम्रा ठूला नेताहरू राष्ट्रिय सभा छोड्दै प्रतिनिधि सभातिर किन जान खोजिराख्नुभएको छ ? मेरो जिज्ञासा छ । जवाफ पनि जरुरी छ । यो राम्रो हो ? सही हो ठिक हो ? तर यसलाई छोड्नुपर्ने कारण के छ ? छोडेर मलाई नाफा घाटा व्यक्तिगत रूपमा हुने हैन । यहाँ ठुला नेताहरू हुँदैनन् । हाम्रो छलफल गर्ने ठाउँ हुँदैन । हामीले अर्कै छलफल गर्ने ठाउँमा जान्छौं भनेका कुराहरू पनि सुनिन्छन् । यो हुनका निमित्त पनि ठूलो मेहनत गरेर भइराखेको पनि छ । र फेरि बेला न कुबेला यसलाई छोडेर जाने कुरा मैले कसैप्रति इङ्गगित वा प्रश्न उठाउन खोजेको होइन मेरो आफ्नो जिज्ञासा हो । कहिलेकाहीं म पनि

जाऊँ कि ? भन्या जस्तो जस्तो हुन्छ । किनभने ठूलाले गरेरको त हामीले सिको गरिराखेका छौं । अनुशरण गरिराखेका छौं । र त्यसलाई हामीले कानुनकै रूपमा बुझ्छौं । नीतिकै रूपमा बुझ्ने गरेका छौं । यसो हेर्दा राष्ट्रिय सभाको गरिमा बढाउनको निमित्त यसको ओच बढाउनको निमित्त; यसको ओच बढाउनको निमित्त; सबैले ध्यान दिनुपर्छ ।

मैले देख्छु । कहिलेकाहीँ प्रश्नहरू उब्जिने गरेका छन् । यसमा योजना छनौट गर्दा सरकारले राष्ट्रिय सभाका सांसदहरूलाई, माननीयहरूलाई सौतेनी व्यावहार गरिराखेको स्थिति छ । त्यो देख्दा पनि वाक्क हुने बेला पनि हुन्छ होला । तिनी पनि प्रतिनिधि सभा केही थोर थोरै पैसा खर्च गरेर आउँछ होला ? थोर थोरै ढाँट्छ होला ? थोरथोरै चाहिँ अलि बढी लगानी गर्छ होला ? राष्ट्रिय सभा अलि सस्तो होला ? फरक त होला नै तर जनताका हिसाबले त्यहाँको पालिका, प्रदेश, त्यसका मतदातहरू हुन् जसले त्यसलाई निर्वाचित गर्छन् । त्यो अझ ठुलो क्षेत्र छ । एउटा कोही जिल्लाबाट जिल्लाको एउटा निर्वाचन क्षेत्रबाट आउँछ । राष्ट्रिय सभा एउटा प्रदेशबाट आउँछ । त्यसको त भूगोल त आज ठुलो छ । आज त्यसलाई त झन् बढी सम्बोधन गर्नुपर्थ्यो होला । त्यो पनि एउटा सांसद भएका हैसियतले त्यसमा पनि जनता हुन्छन् । त्यसमा पनि माग गर्छन् भन्ने कुरा बुझ्नुपर्छ होला । यो कुरा देख्दा पनि यो दोस्रो दर्जाको हो कि भन्ने कहिलेकाहीँ फिल हुन्छ ।

अर्कोतिर हामीले हेर्छौं कि संसदीय समितिहरूमा सरकारलाई बोलाउँदा सचिवलाई पठाइदिने, अन्य सदस्यहरूलाई पठाइदिने, मन्त्रीज्यूहरू उपस्थित भए ओच घट्छ ? गरिमा घट्छ ? भन्या जस्तो गरेर उपस्थित नहुने स्थिति पनि छ । त्यसकारणले पनि यो दोस्रो दर्जाकै हो कि ? कमसलै हो कि ? भनेर छोड्नुपर्ने स्थिति आउँछ कि ? जिज्ञासा त्यतातिर हो कि ? यसकारणले मैले देख्छु कि यो गरेपछि हामीले ऐन, नियम, ऐन, कानुन बनाउने कुरामा सरकारले गर्नुपर्ने सोच, छलफलहरू, बहसहरू, अन्तरक्रियाहरू त्यसलाई सम्बोधन गर्ने कुराहरूमा पनि काहीँ न काहीँ कमी देखिन्छ । त्यसलाई छलफल, बहस जसरी गर्दै गएको कुरा आज अझ सरल ढङ्गले सहज ढङ्गले टुङ्ग्याउने प्रक्रिया सायद राष्ट्रिय सभाले गरेको छ । गर्वका साथ भन्न सकिन्छ । तर त्यसलाई कुनै प्रतिनिधित्व गराउने त्यसको पनि अधिकार भएको कुरालाई अनुमोदन गर्ने कुरामा कतै न कतै कमी भएको देखिन्छ । यसरी हेर्दा समस्याहरू हो कि भन्ने जस्तो देखिन्छ ।

संसदमा राष्ट्रिय सभाले उठाएका विषयहरू मन्त्रीज्यूलाई अनुरोध गरेका विषयहरू, माननीय मन्त्रीज्यूहरूले त्यसको जवाफ दिने कुरा म यहाँ आएको बेलादेखि अहिलेसम्म कहिले सुनेको र देखेको छैन । कि तिनी मान्छेहरूले त्यतिकै उठाउँछ भन्नुपर्यो । कि केही जिम्मेवार त्यहाँका समस्याहरू छन् । ती कुराहरूलाई उठाउँछन् । मन्त्रीज्यूहरूले जवाफ दिनुपर्छ । माननीयज्यूहरूलाई जवाफ दिनुपर्छ । यो यो समस्याका कारणले हो भन्ने कुरा जवाफ दिनुपर्छ भन्ने कुरा बोध गर्नुपर्ने हो । त्यो पाटो छुट्यो कि ? भा' र भने जस्तो मलाई लाग्छ । यी सबै कारणले राष्ट्रिय सभाप्रतिको ओच, गरिमा र आवश्यकत कमजोर हुँदै गएको त्यसप्रतिको वितृष्णा बल्छाली बन्दै गएको स्थिति हुन्छ । त्यस्तो भयो भने हामीलाई दुइटा सदन किन चाहियो ? संविधानमै हामीले हेरफेर गर्नुपर्छ । संविधानमै हामीले सच्याउनुपर्छ । यसकारणले अध्यक्ष महोदय, मैले यो कुरा राख्न चाहें ।

अर्कोतिर अब यहाँ सरकारका यहाँ विषयहरू जुन, निर्वाचनका विषयहरू उठेका छन् । अब निर्वाचन आउँछ । हामी सायद अब छिटो छिटो निर्वाचनतिर जाँदै छौं । चिन्ता गर्नुभो हाम्रो प्रतिपक्षको माननीयज्यूले मलाई चिन्ता गरेकोमा मैले धन्यावद दिन चाहन्छु । पहिलो कुरा आफूलाई आफ्नै व्यवस्थापनतिर लाग्दा उपयुक्त हुन्छ । अरूको चिन्ता गरेर समय खेर फाल्नुहुन्न । माओवादी कहाँ जान्छ, कसलाई भोट हाल्छ, चासोको विषय, चिन्ताको विषय कम गर्दा राम्रो हुन्छ । सूर्यमा भोट हाल्ने मान्छे बढाउनुपर्यो । काँग्रेसले कसलाई भोट हाल्छ, कहाँ हाल्छ त्यो ..... छलफलको विषय समीकरण हुदाँ छलफल हुदाँ सूर्यमा हँसिया हथौडामा पहिलो पटक हामीले हालेकै हौं र हामीले भोट हालेर आएकै हौं । त्यति बेला पनि पार्टी एकता थिएन । पछि एकता भएको हो र हामीले त्यसलाई गठबन्धनै भनेका थियौं । कति दलको गठबन्धन कति दलको बठबन्धन हुँदैन मोर्चा थियो । भाषा शैलीको हिसाबले संयुक्त मोर्चाको हिसाबले थियो । र अहिले गठबन्धन छ । गठबन्धन बाध्यकारी स्थिति हो रहरको विषय होइन । प्रतिगमन कहाँ गयो । शान्तीपूर्ण प्रतिगमन भयो । दुई पटक; दुई दुई पटक संसद विघटन भयो । विघटन किन भयो ? हामीले त्यसो बारेमा कहिले पनि जवाफ दिएनौं । विघटन यस्तो भो हामी बसेर बहिकार अथवा त्यसलाई अस्वीकार गरेर हामीले ..... विघटन भयो । नौ नौ महिनासम्म संसद अवरुद्ध भयो के कारणले भयो किन भयो कसरी भयो भन्ने कुराको कसैले पनि जवाफ दिँदैन । त्यसकारण त्यो शान्तीपूर्ण प्रतिगमन हो । त्यसलाई परिस्थिति जन्म बनाउनका लागि र जनताले ५ वर्षका लागि म्यान्डेट जो दिएका थिए संविधानतः त्यो बचाउनका निमित्त न्यायलयलाई गुहार्नुपर्ने, न्यायलयमा जानुपर्ने किन भने शक्तिपृथकीकरणले एक ठाउँ

नभए अर्को ठाउँ जाने हामीलाई अधिकार दिएको छ । त्यसपछि पुनर्स्थापना भएर अहिलेसम्म चलेको छ । अब निर्वाचनतिर जाँदैछ । मिल्नेजति मिल्ने हो नमिल्ने जति एक्लै लड्ने हो ।

मैले पनि सुनेको छु एमाले राप्रपासँग लड्ने तालमेल गर्दैछ । अन्य दलहरूसँग पनि गर्दैछ । त्यसको साइनो के हो ? दाजु भाइ पनि होइन मित मित पनि होइन सम्धि सम्धि पनि होइन । के नाता पर्छ ? आज जुन यो घोषित राजावादी र बहुदलीय जनवादीको बिचको किन तालमेल ? यहाँ त प्रजातन्त्रवादी र जनवादीकै बिचको होला । प्रजातन्त्र आएपछि जनवादि आउँछ । जनवादि ल्याउनका निमित्त लागि प्रजातन्त्र हुनुपर्छ । हाम्रा आफ्ना दलीय मापदण्डहरू छन् । त्यो सप्पै छोडेर होइन कि हामीले आफ्नै मूल्य मान्यता काँग्रेसको आफ्नै मूल्य मान्यता होला, माओवादीको आफ्नै मूल्य मान्यता, समाजवादीको आफ्नै मूल्य मान्यता, मधेशवादीहरूको आफ्नै मूल्य मान्यता, जनमोर्चाको आफ्नै मूल्य मान्यता छन् । घोषित छन् । त्यहीभित्रबाट त्यही तरिकाभित्रबाट गठबन्धन गरेर आफ्नो देशलाई नयाँ ढङ्गले लिने । प्रधानमन्त्रीका निमित्त गठबन्धनबाट जित्छ, छलफल हुन्छ कस्तो हुन्छ । त्यसपछि को बन्ने भन्ने हुन्छ, बन्छ ।

यसकारणले मलाई के लाग्छ भन्दाखेरि हतारो नगरीकन; छलफल नगरीकन; छलफल गरीकन; फेरि पनि बहस गरीकन म साँच्चिकै यही रोष्ट्रमबाट भन्दा कम्युनिष्ट पार्टीहरू एक हुनुपर्छ भन्ने मान्यता राख्छु । कम्युनिष्ट पार्टीहरू एक हुनुपर्छ । रगत, पसिना, आसुबाट ठुलो सङ्घर्ष गरेर परिवर्तन गरेका छौं । ल्याएका छौं । त्यसलाई हामीले एउटा उचाइमा पुऱ्याउनुपर्छ भन्ने मान्यता राख्छु । तर हाम्रो इच्छाले हुँदैन । नाम कम्युनिष्ट पार्टी राख्नेबित्तिकै आचन, व्यवहार, सिद्धान्त, नीति मिलेन भने, भएन भने त्यो एक ठाउँमा जान सक्दो रहेछ । त्यो मिल्दो रहेछ । त्यसलाई मिलाउन सकिदो रहेन छ । यसैले फरकपन भयो भने विभाजित हुन्छ । त्यो हाम्रो एकता विचार, राजनीतिक सङ्गठनसँग मिलाउँदै जाने एकता थियो । अहिले हाम्रो गठबन्धन छ । विचार नमिलेर मोर्चा हो । यो मोर्चालाई अगाडि बढाउनुपर्छ । मोर्चा बढाएर देशलाई भिन्न ढङ्गले अगाडि बढाउनुपर्छ । यो अहिले आवश्कयता हो बाध्यता हो । र इतिहासले दिएको जिम्मेवारी हो । यसै कारणले यी कुराहरू राख्दै अब बडा दसैं आउँदै छ । सबै बडा दसैं मान्ने सबै माननीयज्यूहरू आम नेपाली जनतालाई हार्दिक हार्दिक शुभकामना व्यक्त गर्दै मेरा भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय जयन्ती देवी राई । समय ८ मिनेट । यसपछि माननीय खिमलाल देवकोटा ।

**माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- सम्माननीय अध्यक्ष महोदय, मैले आज नयाँ विषय उठाइरहन गएको छैन । यति बेला हामीले आम नागरिकको अवस्थालाई हेर्ने हो भने अत्यन्तै भएवह स्थितिमा छ । र महङ्गीको चपेटाले आज सबैलाई आज अत्यन्तै गम्भीर समस्यामा बनाएको छ । हामी यहाँ पटक पटक हामीले उठायौं । तर पनि आज यो महङ्गी नियन्त्रण हुन सकेको छैन । हामीले दैनिक केन्द्रित खालि हामी पेट्रोलियम पदार्थ बढेकोमा मात्र हाम्रो त्यता मात्रै ध्यान गयो । र दिन दैनिक उपभोग गर्ने साधन सामानहरू बढिरहेको स्थिति चाहिँ हामीले कसैले पनि त्यसलाई हामी ध्यान नगरिएको अवस्था मैले बुझेको छु । त्यसकारणले यसलाई हामीले गम्भीर ध्यानाकर्षण गर्न म सरकारको ध्यानकर्षण गर्न म चाहन्छु । र हामीले किसानहरूलाई अर्थतन्त्रमा एकदमै उनीहरूलाई निर्भर गर्नको निम्ति र सबैले आत्मनिर्भर अर्थतन्त्रमा हुनको निम्ति सरकारले अनुदानहरू पनि दिएको छ र उत्पादन पनि किसानले गरेको छ । तर अहिले किसानहरूले उत्पादन गरेको उनीहरूको उत्पादनको साधनमा उनीहरूले कति त्यहाँबाट फाइदा निकाल्न सकेको छ र लाभान्वित कति हुन सकेको छ ? आज साँच्चि हेर्ने हो भने उनीहरूले आफूले उत्पादन गरेको एउटा Example मात्रै जुन १८ रूपेमा चाहिँ कोपी बेच्छन् भने हामी उपभोक्ताहरूले ८० र ९० को Round मा हामीले खानुपर्ने स्थिति हुन्छ । यसले चाहिँ किसानहरूको स्थिति सुध्रियो न सरकारलाई नै फाइदा भएको छ । न उपभोक्तालाई नै सरकारले पनि  ट्याक्स तिरेको छ सरकारलाई पनि । किसानहरूको उत्पादन पनि सही मूल्यमा जान सकिरहेको छैन् । र उपभोक्ताहरूले झनै महङ्गोमा खानुपर्ने स्थिति बनेको कारणले पनि यहाँ किसानहरूभन्दा पनि एकदमै यहाँ विचौलियाहरू जसले एक पैसाको पनि श्रम नगर्ने नाफा जति उनीहरूले खाने किसिमको यो प्रथाको अन्त्य गर्नको निम्ति हामी तयार हुनुपर्छ र सरकारको ध्यान म त्यतातिर आकर्षण गर्न चाहन्छु ।

र अहिले बजारमा हेर्ने हो भने जतातते मूल्य चाहिँ आफ्नो आफ्नो किसिमको छ र हरेक बजारको भाउ आआफै तोकेका छन् । त्यसकारणले यो मूल्यबृद्धिको नियन्त्रणप्रति सरकारको गम्भीर ध्यान आकर्षण गर्नुपर्छ । हुनु पर्दछ । र भर्खरै अब पूर्ववक्ता माननीयज्यूहरूले पनि राखिसक्नुभएको छ । कि अहिले अब हाम्रो अगाडि दसैं तिहार चाड

भित्रिरहेको छ । यस्तो बेलामा एकदमै यहाँ कमाउनेहरूले धेरै कमाउनु ठक्नुपर्ने कालो बजारी हुने अवस्था सृजना हुन सक्छ । र ठगिने उपभोक्ताहरू धेरै ठगिन सक्ने अवस्था सृजना हुन सक्छ । त्यसकारणले यो बेलैमा सबैले चाड पर्व सबै वर्ग सबै तहका जनताहरूले सहज ढङ्गले चाड पर्व मान्न पाओस् भन्ने कुरालाई केन्द्रित गर्नुपर्दछ । र एउटा सुलभ पसलहरूको व्यवस्था हिजो पनि गरिएको थियो तर हिजो गरिएको सुलभ पसलहरूले आज ती सर्वसधारण जनताको पहुँच रह्यो कि रहेन भन्ने कुराको हामी अनुगमन गर्‍यौं कि गरेनौं फेरि हिजो कै खालको पसलहरू राखियो भने त्यो कसैले पनि त्यो पहुँच पाउन सक्दैन त्यहाँ पनि गाडी हुनेहरू, अब सहयोगी हुनेहरू, माथिल्लो वर्गको मानिसहरू, जनताहरूले मात्र त्यसको सुविधा प्राप्त गरेको देखेका छौं । त्यसो भ'को हुनाले आज सुलभ त्यस्तो पसलहरू खोल्नुपर्दछ भने जनसङ्ख्या हेरेर सबै ७५३ गाउँपालिका, नगरपालिकाहरूमा नै त्यसको व्यवस्था गर्नुपर्यो र हरेक वडाहरूमा चाहिँ त्यो पसल खोलिनुपर्यो र त्यसको अनुगमन प्रभावकारी ढङ्गले चाहिँ गरिनुपर्‍यो र मेनपावर यदि छैन भने आपूर्ति मन्त्रालयमा छैन भने थुप्रै बेरोजगार भएर बसेका छन् । युवाहरू उनीहरूलाई परिचालन गर्नुपर्‍यो । तर प्रभावकारी अनुगमन गर्नुपर्‍यो ।

र यो सबै डेट एक्सपाएर भएका खानाहरू मिसावट जसले गर्दा स्वास्थ्यलाई हानि पुर्‍याइरहेको छ । सबैलाई सर्वसाधरणलाई मात्र हैन त्यहाँ किनेर खाने सबै माथिल्लो वर्गलाई पनि त्यसले असर पारिरहेको छ । त्यसकारणले चाहिँ हरेक पसलहरूमा लेवल नलगाको खाने कुराहरू चाहिँ बिक्री वितरण गर्न हुँदैन भन्न पर्‍यो र हरेक पसलहरूमा सूचना टाँस गर्नुपर्‍यो कि यो पसलमा चाहिँ यो सुलभ पसल हो भनेर हामीले चाहिँ हामीहरूले जानकारी पनि दिन पर्‍यो त्यसकारणले कलिकति तल्लो वर्गका जनताहरूलाई यसले चाहिँ अलिकति राहत पुग्ने छ । र मुख्य रूपमा मूल्य निर्धारण र नियन्त्रण चाहिँ वास्तवमा गर्नैपर्छ । एकरूपता मूल्य आउनुपर्‍यो । र मूल्य सरकारले तोकेको मूल्यमा चाहिँ अब त्यो सामान बिक्री छैन भने कारबाहीको दायरामा ल्याउनुसक्नुपर्‍यो । त्यसकारण त्यतातिर म ध्यान आकर्षण गर्न चाहन्छु सरकारको ।

र अर्को कुरा भनेको चाहिँ अहिले हामी, अहिले हामी चाहिँ अब यो ट्याक्सी चढेर हिँड्न सक्ने स्थिति छैन । ट्याक्सीमा मिटरमा हामी जान काहीं पनि पाउँदैनौं । हामी सबैले भोगिरहेको कुरा हो । कि मिटरमा जान कुनै पनि ट्याक्सीहरू मान्दैनन् । ऊ पनि एउटा श्रमजीवी वर्गको हो । उसलाई पनि हामीले मर्कामा त पार्नुहुँदैन । तर पनि उसलाई पनि उसलाई श्रमको उचित ज्याला पाउने गरी यसको मूल्य कसले निर्धारण गर्दिने हो ?

र खालि यो चाहिँ एकदमै हामीले चाहिँ उनीहरूसँग बार्गेनिङ गर्नुपर्ने स्थिति छ । यसको तुरुन्तै अनुगमन गरेर यसको मूल्य निर्धारण गर्न पर्‍यो

। दसैंको बेलामा अहिले गाडीहरूमा रातारात सुत्नुपर्ने, बास बस्नुपर्ने, लाइन लाग्नुपर्ने मान्छेहरूको काम नभए जस्तो ती चाहिँ एकदम झुत्तिनुपर्ने । त्यति गर्दा पनि उचित मूल्यमा चाहिँ अहिले कुनै पनि सरकारले तोकेको गाडीहरू दसैंमा मात्र हैन । अरू बेला पनि सरकारले मूल्य तोकेका गाडीहरू चाहिँ अहिले त्यो मूल्यमा चढ्न सक्ने स्थिति छैन । र चलिरहेका छैनन् । र डिलक्सको नाममा; एसी गाडीको नाममा भ्रमार रूपमा चाहिँ उनीहरूलाई त्यो गाडीको चाहिँ मूल्य चाहिँ एकदम बढाइरहेको स्थिति छ । यो कुरालाई पनि ध्याना आकर्षण गराउन चाहन्छु र यसलाई उचित मूल्यमा र उनीहरू चाहिँ एउटा जनताहरू चाहिँ सहज ढङ्गले यात्रा गर्न सक्ने वातावरणतर्फ पनि म चाहिँ केन्द्रित गर्न चाहन्छु । र अहिले जुन गाडीको कुरामात्रै हैन । जुन पहाडी क्षेत्रमा यात्रा गर्ने मैले यी कुरा किन उठाइरहेको छु भने सायद यो हाउसमा पनि हामीले अब यो उठाउन सक्ने अवस्था पनि रहँदैन होला दसैं, तिहारले छोपिसकेको छ । हामी रातारात त्यो जुन पहाडका साथीहरूलाई थाहा छ । कि त्यहाँ रातभरि चाहिँ सुत्नुपर्छ टिकट पाउनको निम्ति त्यसकारणले त्यो सहज ढङ्गले प्राप्त गर्ने किसिमको वातावरण सृजना गर्नुपर्ने ।

र अर्को कुरा भनेको चाहिँ जुन अघि कमला माननीयज्यूले उठाइसक्नुभएको छ कि । अहिले संविधानले दिएको व्यवस्थालाई कम्तीमा पनि हरेक पार्टीहरूले चाहिँ महिला उम्देवारहरूलाई चाहिँ एउटा म पनि त्यो क्षेत्रको सम्भावित उम्मेदवार हो । भूगोलको त्यो मेरो पनि भूगोल हो भन्ने वातावरण सृजना गर्न पर्‍यो । र महिलाहरूलाई पनि भूगोलमा उठाउने किसिमको अब हिजो जस्तो अवस्था छैन र हरेक ठाउँमा लाम लागिरहेको छ । हामी उठ्न तयार छौं भनेर त्यसलाई सबै कुरा परिचालन जे जे कुरा पुरुषहरूले गर्नुहुन्छ त्यो गर्न तयार छौं भनेर लागेका महिलाहरूलाई रोक्न भएन र त्यो संविधानलाई कार्यान्वयन गर्नुपर्‍यो र समानुपातिकमा पनि हामी न्याय दिने कुरा पनि गर्छौं । समानुपातिकमा महिलाको मात्रै पेवा बनाउनु भएन । भूगोलमा पुरुषहरूको मात्रै पेवा बनाउनुभएन । यो राजनीतिक दलहरूलाई म अनुरोध गर्न चाहन्छु ।

र अर्को कुरा भनेको चाहिँ जुन एकदमै खर्चिलो निर्वाचन जसले गर्दा इमान्दार कार्यकर्ताहरू जसले (**<u>सम्माननीय अध्यक्ष</u>ः-** माननीय सदस्य, समय सकिएको छ ।) अन्त्य गर्नुपर्ने स्थिति छ । त्यसलाई विचारको आधारमा पर्चा बाँढेको आधारमा चाहिँ निर्वाचन

जित्न सक्ने खालको त्यस्तो वातावरण र अभियान सञ्चालन सबै राजनीतिक दलहरूले गरौं भन्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय खिमलाल देवकोटा । समय ५ मिनेट । यसपछि माननीय डा. विमला राई पौडयाल ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको मिति नजिकिदै छ । चुनावी टिकटको लागि दौडधुप सुरु भएको छ । पटक पटक उही अनुहार चुनावमा नदेखाइयोस् । नयाँलाई अवसर दिइयोस् । कोही आजीवन सांसद, मन्त्री भइरहने कसैले अवसर नपाउने हुनुभएन । मूल धारका राजनीतिक पार्टीलाई मेरो अनुरोध । कम्तीमा पनि ५० प्रतिशत नयाँलाई अवसर दिनुहोस् ।

अध्यक्ष महोदय, राज्यसत्ता परिवर्तनलगायतका नेपालका महत्त्वपूर्ण आन्दोलनहरूको नेतृत्व राजनीतिक पार्टी र पार्टीमा आवद्ध नेताले गरेका हुन् । छन् । तर पनि सुशासन प्रवर्धनलगायतका क्षेत्रमा नागरिकतको अपेक्षाअनुसार काम नहुदाँ नेतृत्वप्रति नागरिकमा असन्तोष छ । नागरिकताका असन्तोषलाई अवसरका रूपमा लिई कमी कमजोरी सच्याउन भने जरुरी छ । यसै सन्दर्भमा नेपालका कला र संस्कृतिका मूर्धन्य व्यक्तित्व मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्यका गीतकार केही अंशका भावहरू पस्कने अनुमति चाहन्छु ।

इश्वर तिमीले जगत बनायौ।

चन्द्र बनायौ ।

सूर्य बनायौ ।

यति सुन्दर पृथ्वी बनायौ ।

पृथ्वीमै राम्रो नेपाल बनायौ ।

यही नेपालमा हिमाल खन्यायौ ।

पहाड खान्यायौ ।

तराई खन्यायौ ।

एउटा राम्रो नेता दिनलाई किन तिमीले टाउको कन्यायौ ।

एउटा राम्रो नेता दिएको भए नेपाल राम्रो हुन्थ्यो ।

नेपाल धनी भा' भए हाम्रो नाकै कत्रो हुन्थ्यो ।

नेपालमै काम पाए अरबमा को पो जान्थ्यो ।

इश्वर तिमीले आगो बनायौ ।

हावा बनायौं ।

पानी बनायौं ।

नेपालका व्युरोक्र्याट्सलाई किन घुस खाने बनायौं ।

यो गीत कति सान्दार्भिक र समसामायिक छ । अध्यक्ष महोदय, घुसकै सम्बन्धमा कुरा गर्ने हो भने केही समय अगाडि आफूलाई गोल्डमेडलिष्ट भनिएका पर्यटन मन्त्रालयका उपसचिव ६ लाख घुससहित पक्राउमा परे । कामकै कुरा गर्दा अरबमा कामकै कुरा गर्दाखेरि हाम्रो आर्थिक सर्वक्षण अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षणको डाटा हेर्दाखेरि ५० लाख मानिसहरू अहिले रोजगारका लागि विदेश गएका छन् । ४० लाख मात्रै खाडीमा छन् । अध्यक्ष महोदय, यो गम्भीर छ । यो गीतमा धेरै कुराहरू छ । यो गीतमा मैले यो गीतको सन्दर्भ मैले यहींनिर बिट मारे ।

अध्यक्ष महोदय, सर्वोच्च अदालतले २०७५ वैशाख १६ मा फेवातालको ताल संरक्षणलगायतको विषयमा तत्कालै कार्यान्वयन गर्नु भनेर केही उत्प्रेषणयुक्त परामदेश जारी गरेको थियो । जस्तो तालको किनाराबाट ६५ मिटरसम्मको भूभागमा बनेका घर, होटललगायतका भौतिक संरचनाहरू ६ महिनाभित्र हटाउनू । फेवातालको जलको स्रोत रहेको हर्पन खोलालगायतका खोलाहरूले बगाएर ल्याएको माटो, बालुवालगायतको वस्तुहरूको नियन्त्रणका लागि चेक ड्याम निर्माण गरी पानी मात्र तालभित्र प्रवेश गराउने व्यवस्था ३ वर्षभित्रमा गर्नु । पोखरा सहरभित्र बिसर्जित फोहोर र ढल फेवातालभित्र प्रवेश गर्न नदिई ताल स्वच्छता कायम गर्नु । यीलगायतका कैयौं आदेशहरू अदालतले दिए तापनि अहिलेसम्म कार्यान्वयन नभएको स्तिथिमा यसको अक्षरशः कानुनको लागि सरकारसमक्ष जोडदार रूपमा माग गर्दछु ।

यसै गरी फेवातलको सिरान निर्माणनिर र बासकोट क्षेत्रमा मिनी ताल निर्माण गरी खहरेलगायतका खोलाहरूले बगाएर ल्याएको ढुङ्गा, गिट्टी, बालुवालगायतका सामग्रीहरू

थुपार्ने र शुद्ध पानी मात्र फेवातालमा पुऱ्याउनेलगायतका कामहरू गर्नसेमत अनुरोध गर्दछु । अदालतको आदेशअनुसार गठित पुन्यप्रसाद पौडेल संयोजक रहेको अध्ययन समितिको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्नसमेत माग गर्दछु । अदालतको उत्प्रेषण आदेशअनुसार तुरून्त गर्न पर्ने हैन र ? फैसलाअनुसार काम गर्न कसले रोकेको छ ? अध्यक्ष महोदय ।

अध्यक्ष महोदयको अबको ५ वर्षमा प्रदेशले आफ्नो औचिच्य पुष्टि गर्न सकेन भने यसको औचिच्यमाथि प्रश्न चिन्ह लाग्छ भन्ने लगायतका धारणहरू केही नेताहरूबाट आएको सुनियो । (मैले एक मिनेट समय माग गरे अध्यक्ष महोदय) उहाँहरूको व्यक्तिगत धारणामा मेरो खासै टिप्पणी छैन तर म यतिमात्र भन्छु । हातखुट्टा बाँधेर पौडी खेल्न पोखरीमा फालिएका खेलाडीलाई तैंले किन छिटो छिटो पौडी खेल्न सकिनस् भनेर भन्न सुहाउँछ र ? ५ वर्षको कार्यकाल पूरा हुन लाग्दा पनि अहिलेसम्म प्रदेशले सरकारको अनुभूति गर्न पाएका छैनन् । एकल अधिकार क्षेत्रभित्र रहे तापनि प्रहरी समायोजन अहिलेसम्म भएको छैन । संघीय निजामतीसम्बन्धी कानुन नहुँदा प्रदेश निजामती कानुन बन्न सकेको छैन । बनेका पनि त्यति क्रियाशील छैनन् । प्रदेश लोकसेवा आयोग प्रभावकारी हुन सकेका छैनन् । महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदनलाई आधार मान्ने हो भने प्रदेशमा करिब ४० प्रतिशत कर्मचारीहरू न्यून छन् । कर्मचारीमा स्थायीत्व छैन । प्रदेश सचिव र प्रदेश मन्त्रालयको सचिवहरूको छोटो समयमै सरुवा हुने गरेको छ । संघबाट गएका कर्मचारीहरूको प्रदेशप्रतिको जवाफदेहिता र उत्तरदायिता हुने कुरै भएन ।

प्रदेशले भवनलगायतका भौतिक संरचना र विकास निर्माणका कतिपय कामहरू गर्दा संघीय सरकारलाई हार गुहार गर्नुपर्ने स्थिति छ । वनसम्बन्धी अधिकार भए तापनि विभिन्न बाहनामा खुम्च्याइएको छ । प्रदेशको अधिकारलाई सङ्कुचन हुने गरी विभिन्न संघीय कानुनहरू बनेका छन् । प्रदेशको राजस्व अधिकारको कुरै नगरौं । प्रशासनिक खर्च पनि धान्न नसक्ने अवस्थामा केही प्रदेश छन् । औचित्य पुष्टि गर्नको लागि त्यस बेला प्रश्न गर्न सकिन्छ । अध्यक्ष महोदय, जब कर्मचारी, कानुन, वित्तीय स्रोत र साधानलगायतका आधारभूत संरचनाहरूको सुनिश्चितता हुन्छ सहज रूपले संविधान प्रदत्त अधिकारको प्रयोग गर्न पाउँछन् । अर्को ५ वर्षभित्रमा पनि प्रहरी समायोजन र कर्मचारीको व्यवस्थापन (**सम्माननीय अध्यक्षः-** माननीयज्यू, थपिएको समय सकिएको छ ) संविधान प्रदत्त अधिकारको पनि प्रयोग गर्न पाएन भने कसरी प्रदेशले आफ्नो औचित्य पुष्टि गर्न सक्छन् ? सक्लान ? अध्यक्ष महोदय । हस् त, धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्ष**ः- माननीय डा. विमला राई पौडयाल । समय ५ मिनेट । यसपछि माननीय गोमा देवी तिमल्सिना ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**ः- सम्माननीय अध्यक्षज्यू, देशलाई चुनाव लागेको छ । हाम्रो राष्ट्रिय सभालाई पनि चुनाव लागे जस्तै लाग्यो मलाई यहाँ अगाडि माननीयज्यूहरूले बोल्नुहुदाँखेरि चुनावमय भएको छ देश । देशलाई चुनाव लाग्यो मलाई चिन्ता लाग्या' छ । चिन्ता दुइटा विषयमा थुप्रै चिन्ताका विषय छन् । तर त्यसमध्ये दुइटा चिन्ताको विषयमा संसदको र सरकारको सम्बन्धित निकायको ध्यान आकर्षण गराउन खोजेको छु । पहिलो अन्तर्राष्ट्रियस्तरको चिन्ता छ । चिन्ता के छ भने सम्माननीयज्यू, फेब्रुअरी २४ बाट सुरु भएको युक्रेन र रसियाको युद्ध ६ महिनाभन्दा बढी भइसकिसक्यो । धेरै धनजनको क्षति भएको छ । विश्वमा आयात निर्यातको चाहिँ गढबढी भएर विश्वको आयात निर्यात जुन चेन हुन्छ त्यो गढबढ भएर मूल्य एकदमै आकाशिदो छ । गरिबी बढेको छ । यसका थुप्रै चाहिँ नकारात्मक प्रभावहरू हामीले सबैले भोगिराखेका छौं । शरणार्थीहरूको पनि ठूलो जमात युक्रेन छोडेर हिँडिरहेको छ । विश्वमै खलबली मचिएको छ । तर पनि युद्धले समाधनतर्फ गइराखेको देखिदैन ।

युद्धको अर्को एउटा Tranding Point के भइराखेको छ भने युक्रेनको भूमिमा रहेको रसियाको अधीनमा रहेको भनिएको जापोरिज्जिया आणविक केन्द्र जुन चाहिँ परमाणुको केन्द्र हो Nuclear Plant हो । त्यो Plant मा चाहिँ आक्रमण हुन्छ कि भन्ने डर छ । त्यो डर दुवैतिरबाट छ । रसियाले भन्छ युक्रेनले मिसाइल लगाएर आणविक केन्द्रमा आक्रमण गर्न सक्छ भनेर । अनि युक्रेनले भन्छ मेरो भूमिमा भएको आणविक केन्द्रमा रसाले आक्रमण गर्दिन्छ कि भनेर दुवैतिर तस्त्र छन् । कसले कतिबेला आक्रमण गर्न थाहा छैन् । यो Nuclear Plant मा आक्रमण भयो भनेदेखि यो युक्रेनमा मात्रै भएका मान्छे मर्ने होइन । संसारमा ठूलो धनजनको क्षति फेरि पनि हुनेवाला छ ।

र त्यसले पुस्तौंपुस्तासम्म हामीलाई थाहा छ नि जापानमा आणविक केन्द्रमा हमला हुदाँखेरि कति पुस्तासम्म मान्छेहरू चाहिँ पीडित भएका थिए । त्यस्तै पीडित हुने सम्भावना छ । त्यसले गर्दा यो असाध्यै डर लाग्दो चिन्ताको विषय हो । नेपाल हामी युद्धरत कुनै पनि देशको पक्ष विपक्षमा जाँदैनौं तर यदि विश्व शान्ति र निर्दोष जनताहरू मर्ने र मारिने

अवस्थाहरू आयो भनेदेखि सकेसम्म त्यसो हुन नदिनको लागि नेपालको आफ्नो नीतिलाई अगाडि सारेर हाम्रो असंलग्न परराष्ट नीति छ । हाम्रो नीतिलाई अगाडि सारेर हामी विश्वमा शान्ति चाहन्छौं भनेर शान्ति ल्याउनको लागि हामीले पनि सक्दो आफ्नो ठाउँबाट पहल गर्नुपर्छ । जस्तो मलाई लाग्छ । संसारमा हाम्रो आफ्नै चिनारी छ । सानो देश भए पनि हाम्रो आफ्नै चिनारी छ । हामी शान्तिप्रिय छौं । असंलग्न छौं भनेर हामीलाई संसारले चिनेको छ । यसैलाई अझ प्रष्ट पार्दै हामीले ठाउँ ठाउँमा संयुक्त राष्ट्र संघमा हुन सक्छ । हाम्रा यहाँ रहेका दुतावासहरूसँग हुन सक्छ । ठाउँ ठाउँमा हामीले सचेत गराउनुपर्छ र युद्धरत पक्षहरूलाई यस्तो अपराध नगर है भनेर सम्झाउनुपर्ने आवश्यकता छ । त्यतातिर सम्बन्धित निकायको ध्यान जाओस् । कसैले पनि आणविक केन्द्रमा चाहिँ आक्रमण गर्न मिल्दैन भनेर हाम्रो अवस्था पनि Clear गर्नुपर्ने र आफूले यहीअनुसार दबाब पनि दिनुपर्ने मैले देखेको छु । सम्बन्धित निकायको ध्यान जाओस् भनेर पनि सम्मानीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराएँ ।

दोस्रोः दोस्रो चिन्ताको विषय भनेको डेङ्गु हो । डेङ्गुले तहल्का मचाइरहेको छ । दुई तीन महिना भइसक्यो । अहिले करिब १२ हजार रेकर्डेट बिरामीहरू छन् । डेङ्गोका प्रत्येक घरमा  डेङ्गोले ज्वरो आएका मान्छेहरू छन् । डेङ्गोले ज्वरो आएको थाहा नपाउने तर ज्वरो आएर सुतिरहेका मान्छेहरू प्रत्येक घरमा छन् । गाउँगाउँमा छन् । हामी कहाँ छौं । हामी गठबन्धनको जोड घटाउनमा छौं । प्रधानमन्त्रीले लिड गरिरहनुभएको छ मिटिङहरू दुई तीन महिनादेखि Continuously बसिराखेको छ । सिट भागबन्डा भनिन्छ, गठबन्धन भनिन्छ, के भनिन्छ, के भनिन्छ । सिटामोल खोइ सरकार ? जनताले Tax दिएर सरकार बना'को गठबन्धनको लागि जोड घटाउनको लागि यति धेरै समय व्यतीत गर्न हो कि ? जनतालाई ज्वरो आएको छ सिटामोल पुऱ्याउनलाई हो ? अनि फोन गर्दाखेरि लामो लुगा लगाऊ भन्छ रेडियोले त्यत्ति हो सरकारको काम ? जनतालाई लामो लुगा लगाऊ डेङ्गु हुन नदिनको लागि लामो लुगा लगाऊ । त्यतिले पुग्छ ? लामखुट्टेलाई उत्पादन हुन नदिनको लागि, त्यसको प्रजनन रोक्नको लागि खोइ हाम्रो काम प्रतिकारात्मक काम खोइ कहाँ गयो ? स्वास्थ्य मन्त्रालय कहाँ छ ? अनि Public Health हाम्रो कहाँ छ ? प्रधानमन्त्री कहाँ हुनुहुन्छ । कहिलेसम्म हामी यो सिट बाँडफाँट भनेर प्रधानमन्त्रीको ढोका सिंहदवार र बालुवाटारको ढोका बन्द गरेर कहिलेसम्म हामी यसमा मात्रै छलफल गरिराख्ने ? अनि कहिले डेङ्गो नियन्त्रण गर्ने ? यो प्रश्न छ । मलाई रूखमा भोट हाल्छन् कि हँसिया हथौडामा हाल्छन् कि सूर्यमा हाल्छन् मलाई मतलब पनि छैन । मलाई जनताको

त्यो स्वः निर्णय हो त्यसमा केही भन्नु पनि छैन । तर मेरो चिन्ता के हो भने यो देशको सरकारले चुनाव त गराउछ । गराउँनुपर्छ । निष्पक्ष चुनाव । तर त्यो सँगसँगै Tax बाट चुनाव सरकार चल्ने (**<u>सम्माननीय अध्यक्ष</u>ः-** माननीयज्यू, समय सकिएको छ) Tax भनेको कुनै Policital पार्टीको लागि जनताले दिएको होइन । Tax भनेको जनताको लागि दिएको हो डेङ्गु नियन्त्रणमा तुरुन्तै तुरुन्तै कारबाही होस् । केही न केही काम गरियोस् भनेर ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय गोमा देवी तिमल्सिना । समय ४ मिनेट । यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

**<u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- माननीय सभाअध्यक्षज्यू, उपस्थित माननीयज्यूहरू, यो रोष्ट्रममा उभिरहँदा धेरै कुराहरू सुनियो, धेरै कुराहरू ज्ञान पनि भयो । चुनावदेखि अनि गठबन्धन, पक्ष, प्रतिपक्ष अनि मदनकृष्ण हरिवंशको गीतसम्म सुनिएर हामी लाभान्वित भएका छौं । अब यसमा चुनाव आएपछि जनताले भोट को कोलाई दिएर जिताउँछन् । अब त्यो हामी मैदानमा जाँदैछौं यसमा अहिले हामी धेरै यसमा समय खर्च नगरेको भए पनि राम्रै हुन्थ्यो होला भन्ने मलाई लाग्छ । र यो सँगसँगै म देशमा गणतन्त्र आयो । गणतन्त्र भनेको कस्तो हुन्छ भने मुलुकको जनताले चाख्न पनि पाएनन् । गणतन्त्रमा कम्तीमा पनि जनताले खाना, नाना र छाना आवश्यकता पूर्ति हुन्थ्यो होला भन्ने हामीलाई लागेको थियो । हिजो हामी आन्दोलनमा हिँड्दाखेरि जनतालाई उनै कुराहरूले सुसूचित गरेका थियौं । त्यो अहिले पनि पूरा हुन सकेको छैन । अब महङ्गी यति धेरै महङ्गीले चरम सीमा नाघेको छ । हाम्रो यहीं उत्पादन हुने चिजमा पनि हामी महङ्गीको दोब्बर तेब्बरमा पुगेका छौं । महङ्गी त अब यस्तो अरबौ रुपैयाँको धान, चामल, गहुँ, तेल आदि आदि कुराहरू इन्डियाबाट नेपाल आउने अहिले इन्डियाले कर बढाइदिएको छ । त्यो कर बढाइ दिइसकेपछि अब हामी त दोब्बर तेब्बर महङ्गीमा परेका छौं । अनि हामी कृषि प्रधान देश भन्छौं । सप्पै आयात हामी इन्डियाबाट गर्छौं । इन्डियाले कर बढाइदियो ।

अनि हामी के गर्छौं भने हाम्रो जमिन बाँझो राख्छौं । हाम्रो जमिनहरू बाँझा छन् । बाँझो मात्रै छैन । सप्पै पल्टिङ गरेर सप्पै त्यो गिट्टी, बालुवा थुपारे बाँझै छ । त्यहाँ झार पलाएर त्यो पल्टिङ बिक्री पनि भएको छैन । अब यो खालको अवस्था छ ।

अनि यो पल्टिङ नहुने ठाउँमा पनि सबै सहरिया श्रमजीवीको रूपमा सहर भित्रिएको र अनि गाउँको जमिनहरू बाँझो रहेको अनि खेतीपाती गर्ने मान्छेहरू त्यहाँ नभइसकेपछि बुढाबुढी मात्रै गाउँमा बस्ने । गाउँमा त यस्तो अवस्था छ । मान्छे मर्‍यो भने पनि मलामी नपाउने स्थिति गाउँमा छ । यो खालको अवस्थामा हामी गुज्रिरहेका छौं । यसलाई सरकारले कम्तीमा पनि हाम्रै देशमा बाँझो नराखीकन यहाँ खेती उब्जनी गरेर हामी जुन जुन ठाउँमा जे जे खेती हुन्छ । त्यही त्यही ठाउँमा खेती उब्जनी गरेर जनता लाभान्वित हुनुपर्छ भन्ने कुराहरू राख्न चाहन्छु ।

डेङ्गुको त्यस्तै बिगबिगी छ । मैले अलिकति कुरा (एक मिनेट अलिकति थपदिनु होला ।) मैले अलिकति के कुरा गर्न खोजें भनें अहिले यो काठमाडौंमा जमिनहरू खोज्ने, घरहरू जुन सार्वजनिक जग्गा मिचेर बनाइएका घरहरू भत्काउने काम यो भइराखेको छ । अब खोलो त कहाँ खोलो माथि माथि घर बनेको र' छ । किन काठमाडौंमा भेल डुवान हुन्छ भनेको कुरा अहिले भर्खर अलिअलि बुझिँदै रहेछ हामीले अब यी कुराहरू एकातिर राम्रै होला हराभरा काठमाडौं सहर बनाउनको लागि तर अहिले फेरि यो सडक व्यपार गर्ने सडकमा व्यापारीहरूलाई पनि अलि चिल्लीबिल्ली दसैंको मुखमा नबनाउँदाखेरि राम्रो हुन्थ्यो कि ? उनीहरूको लागि पनि म के अनुरोध गर्छु भने उनीहरूको लागि एउटा निश्चित खाली ठाउँ कहाँ हो निश्चित ठाउँ दिएर उनीहरूलाई त्यही व्यापार गर । यो सडकमा बाटो छेक्ने सडक पेटीमा डिस्टर्ब नगर भन्ने कुराहरू राखेर उनीहरूलाई एउटा निश्चित ठाउँ दिँदाखेरि राम्रो हुन्थ्यो होला भन्ने कुराहरू म राख्न मलाई लागेको छ । स्वास्थ्य, शिक्षा, रोजगार यो हाम्रो मुलुकले पूरा गर्छ भन्ने हामी आसामा छौं । तर गर्न सकेको छैन । तर हामी यो विभिन्न विषयमा हामी बोलिरहेका हुन्छौं तर बोलेका विषयहरू पनि अहिलेसम्म कुनै कुरा पूरा भएको जस्तो लाग्दैन । अघि नै एकजना माननीयज्यूले बोल्नुभो यो राष्ट्रिय सभा भनेको त बोल्ने मात्रै आउने जाने रहेछ जस्तो लाग्छ । कहिले २ घन्टा लाएर आयो । अनि यहाँ त १५ मिनेटमा मिटिङ सकिसक्या हुन्छ अनि हामी चाहिँ लथालिङ्गै अनि केही नी ऊ नभइकन बस्ने यस्तोखालको हामी बेरोजगारी बेरोजगारी माननीय भएछौं । (<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीयज्यू, थपिएको समय सकिएको छ) यस्तो नहोस् भन्ने कुराहरू राख्दै बिदा हुन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय ७ मिनेट । यसपछि माननीय युवराज शर्मा ।

**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, यो सम्मुखमा दसैं तिहार जस्तो महान चाडहरू हाम्रो अगाडि आइरहेको । मङ्सिरको ४ गते प्रदेश सभा र संघको निर्वाचन हुन गइरहेको सन्दर्भमा राष्ट्रिय सभाको यो बैठक हामी गर्दैछौं । र धेरै कुराहरू आइसकेका छन् । मैले यो विशेष समयमा नेपालमा हामीले धेरैपटक ठुल्ठु परिवर्तनहरू भए । ती परिवर्तनहरू संस्थागत नहुँदै फेरि के के दुष्चक्रमा फसेर त्यो परिवर्तन गुम्ने हामीले इतिहास पल्टाएर हेर्दाखेरि हामी सबै त्यसबारेमा विज्ञ चाहिँ छौं । २०६२/०६३ को जनक्रान्तिले देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना चाहिँ गर्‍यो । एकात्मक प्रणालीबाट हामी सङ्घात्मकमा गयौं । राजतन्त्रबाट हामी गणतन्त्रमा आयौं । हामीलाई के लागेको थियो भने साँच्चै पनि यो व्यवस्थाले निकै राम्रो काम गर्ने चाहिँ छ । सदियौंदेखि उत्पीडनमा परेका जनताहरूले मुक्ति पाउने छन् । सामाजिक न्यायका निम्ति जनाताले राहत पाउने छन् । देश समृद्धि हुँदै विकासको गतिमा अगाडि लम्किने छ भन्ने कुरा हामीले सम्झेका थियौं । बुझेका थियौं । त्यही अपेक्षाका साथ हामी लागिरहेका छौं । फेरि पनि अहिले यो जे देखिराखेको छ । विशेष गरी पछिल्लो पटकको सर्वोच्च अदालतको परमादेशी सरकार जो बनाइदियो । आज यही परमादेशी सरकार अथवा परमादेशकै कारणले गर्दा आज हाम्रो गणतन्त्र ट्र्याकदेखि बाहिर चाहिँ गा'को । फेरि पनि यो व्यवस्था र विरुद्धमा अर्को केही हुने हो कि भन्ने  खतरा हामी सबैले महसुस गरेको व्यवस्था चाहिँ हो । यसको अपजस भनेको सर्वोच्च अदालतको त्यो फैसला । परमादेशसम्बन्धीको फैसला त्यो परमादेश जारी गरी पाऊँ भन्ने लाग्ने दलहरू नै यसका प्रमुख भागीदार हुन्छन् भन्ने कुरा सबै जनताहरूले बुझेका छन् । जानेका छन् । यही भएर अगि माननीयज्यूले हाम्रो दलको तर्फबाट प्रमुख सचेतकज्यूले धेरै कुराहरू भनिसक्नुभा'को छ । मसँग यस छोटो समयमा धेरै कुरा गर्ने समय चाहिँ विषय चाहिँ हुँदा हुँदै पनि छैन ।

यही विषयहरूमध्ये हामीले केही दिन पहिले नागरिकतासम्बन्धी विधेयकका बारेमा धेरै छलफल चाहिँ गर्‍यौं । नागरिकता विधेयक अहिले फेरि दोस्रो पटक प्रतिनिधि सभा, राष्ट्रिय सभाबाट पास भएर सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेस भएको छ । प्रमाणीकरण हुन बाँकी छ । यही बिचमा एकजना गठबन्धनका प्रमुख नेता भन्ने नेताले धम्कीपूर्ण भाषामा चाहे त्यो विदेश गएको अवस्थामा होस् । चाहे त्यो स्वदेशमा आएर पोखरा गएको अवस्था होस् । चाहे जनकपुर गएको अवस्था होस् । तत्काल प्रमाणीकरण गरिनुपर्छ । यदि

तत्काल प्रमाणीकरण हुँदैन भने तपाईंले राजीनामा दिनुपर्छ । यदि तपाईंले राजीनामा दिनुहुँदैन भने  हामी अदालतमा चाहिँ फेरि पनि मुद्दा लिएर जान्छौं भन्ने खालका यस्ता खालका कुराहरू आइरहेका छन् र दुःख लाग्छ हामीलाई । हामीले बनाएको यो संविधान हामीले राष्ट्राध्यक्षको रूपमा राखेका छौं । राष्ट्रपतिज्यूलाई फेरि पनि राष्ट्रपति भनेको देशको अभिभावक चाहिँ हो । राष्ट्रपति भनेको देशको संरक्षक चाहिँ हो । यो संविधानको रक्षा गर्ने दायित्व पनि हो राष्ट्रपतिको चाहिँ हो भन्ने कुरो हामी सबैले बुझेकै कुरा हो ।

आज यो नागरिकतासम्बन्धी विधेयक यति चर्चामा आ'को छ । किन हो हाम्रो नेताहरू प्रधानमन्त्री पाउनका निम्ति त्यो नागरिकता सम्बन्धी विधेयकमाथि आपत्ति भएको कुरा के हो भन्दाखेरि अङ्गीकृत नागरिकताको सवालमा र प्रावधानहरू रहस्यमय राखेर फेरि पनि त्यो प्रधानमन्त्री पद पाउनको निम्ति जे पनि सम्झौता गरे पनि हुन्छ भनेर चाहे स्वदेशमा होस् चाहे विदेशमा चाहिँ गरेको अवस्था चाहिँ छ । देशभन्दा ठुलो केही पनि हुन सक्दैन । अहिलेको संविधानभन्दा पनि देश ठुलो हो । जब देशमाथि यस्तो Question चाहिँ उठ्न चाहिँ खतरा चाहिँ उत्पन्न हुन्छ । यो नागरिकता विधेयकको कारणले गर्दाखेरि देश खतरामा पुग्ने हो कि भन्ने कुरो विदेशका अरू उदाहरणहरू दिनुनपर्ला । छिमेकी देश कुनै बेला सिकिम्म भन्ने देश एउटा स्वतन्त्र सार्वभौम सम्पन्न राष्ट्र चाहिँ थियो । आज सिकिम्मको सार्वभौमिकता कहाँ गयो ? आज फिजीको सार्वभौमिकता कहाँ चाहिँ छ ? त्यसले गर्दाखेरि नेपाल यही नागरिकतासम्बन्धी विधेयककै कारणले गर्दांखेरि कहीं सिकिम्मीकरण हुने हो कि ? अब देशमा यो व्यवस्था त के देशै नरहेने हो कि ? भन्ने खालको यस्ता Question हरू सर्वत्र यो अहिले गुन्जायमान हुने गरेका छन् । र राष्ट्रपतिज्यूप्रति मात्रै सबैले आशा पनि गरेका चाहिँ छन् । यसले गर्दाखेरि यी धम्कीपूर्ण भाषाहरू कहिले सदनमा उभिएर हाम्रो पार्टी नेकपा माओवादी आगो हो भनेर पनि भन्नुहुन्छ । १० वर्षे जनयुद्धकालमा हामीहरूले ती आगाहरूलाई देखेकै थ्यौं । शान्तिपूर्ण संघर्षका बाटाहरू अवलम्बन गरिसकेर यहाँ आइपुगिसकेपछि पनि हामीले के गर्नु हुन्छ, के भन्नु हुन्छ, के भन्नुहुँदैन भन्ने कुरा ध्यान दिनुपर्ने हो । तर पनि यस्ता खालका कुराहरू सुन्नुपर्दाखेरि हामीलाई दिक्कबाहेक अरू केही पनि लाग्दैन । हाम्रा राजनेताहरू किन यस्तो खालका बहकिएर बोल्नुहुन्छ । किन आफ्नो औकातलाई; आफ्नो चाहिँ यो ओझलाई किन यस्तो किन घटाउनु हुन्छ ? आज दुनियाँले सम्झिरहेका छन् । कुनै बेलाका जनयुद्धका बेला माओवादी पार्टी । आज माओवादी पार्टी कहाँ गयो भन्ने कुरो हामी सबैले देखिरहेका छौं । बुझिरहेका छौं ।

हामी कम्युनिष्टहरूले भन्ने गर्थ्यौं । सर्वहारा श्रमजीवी वर्ग मुक्तिका निम्ति सामन्तवाद एउटा प्रमुख बाधक चाहिँ हो । पुँजीपतिहरू प्रमुख बाधकहरू चाहिँ हुन् । त्यसैसँग अन्य अन्य कुराहरू पनि आउँछन् पुँजीपति वर्ग सामन्त वर्ग जबसम्म यसलाई निमिट्यान्न पारिदैन । जबसम्म यसलाई रूपान्तरण गरिदैन । तबसम्म यो देशमा जनवादी व्यवस्था आउन सक्दैन भनेर त्यो शङ्खघोष गर्दै हामीले युद्ध मैदानमा युद्धमा गएको इतिहासै छ । हामी के चाहन्छौं भने पहिलो कुरा हाम्रो कम्युनिष्टहरूले आफ्नो राजनीतिक दस्तावेजहरूमा लेखिएका कुराहरूलाई सच्याउनु चाहिँ पर्‍यो । जो प्रतिस्पर्धि पार्टी चाहिँ छ । त्यसलाई गुरु मानेर त्यसलाई अगुवा चाहिँ मानेर हामी अगाडि बढछौं भने साँच्चै हामी समाजवादको यात्रामा जान सक्छौं त हामी ? आजको Question यहीनिर अड्केको छ । पहिलो कुरो त्यो हाम्रो दस्तावेजमा सच्याउनु चाहिँ पर्‍यो । जबसम्म त्यो दस्तावेज सच्चिदैन । एकातिर दस्तावेजले एउटा कुरा चाहिँ भन्ने अर्कोतिर गठबन्धनको नाममा जे पनि गर्न पाइन्छ भनेर यो अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्रभित्रको यो जुन प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली छ । यसलाई दुर्गन्धित बनाउने गरी यसलाई कमजोरी बनाउने गरी जुन खालको गठबन्धन भएका छन् । यसप्रति हाम्रो चिन्ता हो । फेरि पनि नेकपा एमाले यो देशमा जिउँदो पार्टी चाहिँ छ । चुनाव मुखरित भएको छ । देशमा अहिले देश रहने कि नरहने ? देशको यो सार्वभौमिकता अब नेपालीले रक्षा गर्ने किन नगर्ने ? स्वाधीनता कायम गर्ने कि नगर्ने ? सार्वभौमिकता र रक्षासँग यो देशको स्वाभिमानलाई बचाउने कि नबचाउने भन्ने कुरो नेकपा एमालेको काँधमा छ र म यही मञ्चबाट भन्न चाहन्छु अध्यक्षज्यूमार्फत सबै जनताहरूले अब यो दुई पक्षहरूको बिचको लडाइमा नेकपा एमालेले जिल्नुपर्छ । यो देशको सार्वभौमसत्ता, स्वाधीनता र स्वाभिमानलाई बचाउनपर्छ भन्ने कुराहरू राख्दै यो निर्वाचानसँगै अब म ..... (समय सकिएको) ।

**<u>पुनः पीठासीन</u>**ः- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय श्री युवराज शर्मा । समय ७ मिनेट ।

**<u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्षज्यू, लोकतन्त्रको ..... हामी सबैको गतिशील भूमिकामाथि निर्भर हुने व्यवस्था हो । सम्माननीय

प्रधानमन्त्रीज्यूले कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्था आउन सक्ने अवस्था भएको छ भन्ने भनाइ सुन्दा यस अवस्थाबाट राष्ट्रलाई निकास दिन समयसापेक्ष नीतिगत प्रणाली वा संरचनागत सुधारका साथ राष्ट्रिय सहमति तथा सहकार्य आवश्यक देखिन्छ । आत्मनिर्भरता र मितव्ययिता आज आवश्यक भएको छ । वर्तमान संविधान साझा निष्ठाको दस्तावेज हो । भनी सम्झाइरहनुपर्दैन । त्यसैले पनि त्यसको उचित कार्यान्वयन गर्नु र गराउनु सबैको साझा दायित्व हो । समाजवादको लक्ष्य हासिल गर्न साझा रणनीति बनाउन राष्ट्रिय समिति आवश्यक भइसकेको छ । आज संविधानअनुसार ऐन, कानुन बनाउन वर्षौं बितिसकेको छ । अर्कोतिर सरकारले निर्णय गर्दा विचारपूर्वक र समयसापेक्ष ढङ्गले नगर्न सक्दा व्याक फुटमा जाने प्रवृत्ति हुने प्रणालीहरू कमजोर हुँदै जाने गरेको देखिन्छ । त्यसैले पनि सहमति र सहकार्य आवश्यक भइसकेको छ । दलीय गठबन्धनले निर्वाचन परिमाण त राम्रो ल्याउन सक्ला तर सहमति र सहकार्यको अभावमा विगतको गठबन्धनको सरकारले भोगेको नियति बिर्सनुहुन्न् । आज राष्ट्रिय समिति र सहकार्यको संस्कृतिलाई अगि बढाउन सक्ने दृढ इच्छा शक्तियुक्त परिवर्तन ल्याउन सक्ने उदार एवम् गतिशील सोच आवश्यक छ । बदलावयुक्त सोचको विकास नै आजको तट्कारो हो । अब पनि एक अर्कालाई सम्मान नगरी सिध्याउने खेलमा लाग्यौं भने सबै सिधिने छौं । लोकतन्त्र, गणतन्त्र विरोधी शक्ति हाम्रै सहारामा हुर्कंदै छन् । भ्रष्ट, दलाल, कमिसनखोरहरूलाई खोज्न कतै जानुपर्दैन । हाम्रै सेरोफेरोमा छरपष्ट देखिने गर्दछन् । सुशासनका लागि निष्पक्ष उदारताका साथै कठोरता पनि चाहन्छ ।

एउटा नागरिकता विधेयकमा आज सहमति जुट्न सकेन के यस्तै असहमति र विमतिले जनताको समस्या शीघ्र ति शीघ्रहल हुन्छ ? वर्तमान सत्तापक्ष गठबन्धनका एकजना बरिष्ठ नेताले निर्वाचन प्रणाली र शासन प्रणाली फेर्न सडकमा आन्दोलन गर्ने कुरा गर्नुभएको छ । त्यो फेरबदल पनि राष्ट्रिय समितिले मात्र सम्भव छ । लोकतान्त्रिक व्यवस्थामा नैतिकताको ठुलो महत्त्व छ । तर आज औसरको अभावको नाउ नै नैतिकता बन्न पुगेको देख्दा आश्चर्य लाग्छ । कुनै विशेष दललाई लक्षित नगरी सम्माननीय अध्यक्षज्यूमार्फत सबैसँग एउटा प्रश्न सोध्न चाहन्छु । के सत्ता पक्षमा रहँदा एउटा र प्रतिपक्षमा रहँदा अर्को नैतिकता हुन्छ र ? राजनीतिमा यस्तो द्वैध चरित्र किन ? नैतिकता र ऐन, कानुन, के दलित, गरिब, निमुखा, औसरविहीनकै लागि हो त ? मलाई त हाम्रो दलीय अहङ्कारयुक्त चरित्र कतै हाम्रो अध्यारो सुरुङभित्रको यात्रा सुरु भइसकेको त छैन जस्तो लाग्न थालिसकेको छ ।

विदेश नीतिको सम्बन्धमा असंलग्न परराष्ट्र नीति नै हाम्रो एक मात्र मार्ग हो । विदेशी मित्रहरूको अपेक्षालाई राष्ट्रहितको तराजुमा तौलिने निर्णय लिन सक्नुनै हाम्रो विशेषता हुनुपर्दछ । अहिले वर्तमान सरकार त्यसतर्फ अग्रसर पनि देखिन्छ । तर दुवैतर्फबाट प्रायः हुने गरेको नाकाबन्दीबाट नेपाली जनता दुःखी हुने गर्दछन् । यसैले पनि हाम्रो सम्पूर्ण बल आत्मनिर्भरताको लाग्ने नीतितर्फ अग्रसर हुनुपर्दछ । तर आत्मनिर्भर भइसकेको उत्पादनमा आयात बढाई राष्ट्रिय उत्पादनलाई हतोत्साहित गर्ने नीति कदापि राम्रो होइन । चुरो कुरा नीति निर्माताहरूले बुझ्न सक्नुपर्दछ । कुनै विषयमा पनि नीतिगत, प्रणालीगत वा संरचनागत जस्तो त्रुटि भए पनि सच्याउन सक्ने पहल गर्नुसक्नुनै पर्दछ । हाम्रो देशको आवश्यकता धेरै छ । धेरै छैन । सम्भाव्यता धेरै छ । आज बेलायत से ठुलठुला राष्ट्रहरू ऊर्जा सङ्कट र उत्पन्न हुने आर्थिक सङ्कटबाट त्रसित छन । अब रूस युक्रेन युद्धको समाप्ति पनि आवश्यक छ । निःशस्त्रीकरण र विश्वबन्धुत्वको कुरा आज हराउँदै छ । नाङ्गो स्वार्थ देखिन्छ तर हामी सर्वत्र राजनीतिकरण गर्नुमा नै रमाएका छौं । पेशगत व्यवसायिकता सर्वत्र हराएको देखिन्छ । त्यसको खोजी गर्नु पनि आज राष्ट्रिय अवस्था भइसकेको छ। यस्तो राजनीतीकरण र सधैंको संरक्षकवादले के अब राष्ट्र उभो लाग्ला त ? स्थिति कहाँसम्म पुगेको छ कि २०० करोड खर्च गरेर १० वर्षमा मात्र ६ लाख १८ हजार गरिबको पहिचान हुन सकेको । त्यो पनि कतिपय गलत । गरिबप्रतिको यस्तो उपेक्षा किन ? मैले संरक्षणवाद भन्न खोजेको सर्वत्र राजनीतिकरण र दलगत गुटगत स्वार्थको सम्बन्धमा नै हो । मलाई लाग्दछ कतै न कतै हामी चुकेका छौं । वा चुक्दै छौं । पहिला त्यो पहिल्याउनु आवश्यक छ । रोग पत्ता नलगाई निदान गर्न सकिन्नँ ।

हामी विकासको सही मोडेल पहिल्याउन चुकेका छौं कि वा संविधानले निर्दिष्ट गरेको बाटो हिँड्न सकेका छैन् । अथवा संविधान कोर्दा नै कतै गम्भीर त्रुटि त भएन ? भएको छ भने पनि सर्वदलीय सहमति गरी सच्याइहालौं । तर कसैको लहर वा सनकमा संविधान संशोधन आवश्यक छैन । संविधानमा हस्ताक्षर गर्ने संविधानवादी दलहरूमाथि समयले गम्भीर जिम्मेवारी थपेको छ । अब एकअर्कामाथि दोषारोपण र आफू पानीमाथिको ओबानो बनी हिँड्न सम्भव छैन । त्यो समयोचित पनि हुँदैन । आज राष्ट्रिय हित, लोकतन्त्र, संविधान र जनहितको लागि जे जे त्याग्नु छ त्यागौं । जजसलाई त्याग्नु छ त्यागौं नत्र समयले हामीलाई त्याग्न बेर लाउने छैन । संघ र प्रदेश स्थानीय सरकारको सम्बन्धमा पनि उचित व्यवस्थापन छिनोफानो हुन सकेको छैन । विवाद समाधान त्यहाँ

पनि आवश्यकत छ । संविधानको सही कार्यान्वयनले नै विवाद समाधान हुने छ । भोलिका दिनमा जुनसुकै मूल्य तिरेर भए पनि सच्चिन र सच्याउन तयार हुनुपर्दछ ।

वीपी र कमरेड पुष्पलालको विचार बोकेर राजनीति गरेको भनी भन्न सजिलो छ तर उहाँहरूले आफ्नो सिद्धान्त विचारको लागि भोगेको पीडा र गरेको संघर्षलाई संसदमा हस्ताक्षर गरी पराइ हुने सांसदज्यूले कतिको आत्मसाथ गर्नुभएको छ । के आज जवाफ दिन सक्ने अवस्था छ र ? हामी सबै उहाँहरूकै अनुयायी हौं । वर्तमान सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा पनि वीपिबाट नै प्रभावित भएर राजनीतिमा लाग्नुभएको तसर्थ राष्ट्रिय सहमति एकता र सहकार्यको बिँडो उहाँले नै उठाउनुपर्दछ । यो जिम्मेवारी बहन गर्ने प्रेरणा उहाँमा जागृत होस् । योग्यता निष्पक्षता र उचित मापदण्ड जनताको माग हो तर सहमतिको नाउँमा भएको भागवण्डा हैन । वर्तमान सरकारले जानी जानी नराम्रो काम देश बिगार्ने काम गरे जस्तो लाग्दैन । पहिलादेखि व्याप्प विकृति र विसङ्गतिले सबै सरकारलाई सहजिलो पार्ने गरेको छ । अब कम्युनिष्ट र गैरकम्युनिष्टको विवाद पनि निरर्थक छ । यस विवादले राष्ट्रिय सङ्कटको निर्धारण गर्दैन । विगतमा गर्न सकेको पनि देखेन । एउटा बौद्धिक एवम् प्रखर समाजवादी चिन्तक प्रदिप गिरी अस्ताउनुभएको छ । उहाँ नेपाली काँग्रेसको नेता भएर पनि आफूलाई मार्क्सवाद-लेनिनवाद विचारधारादेखि प्रभावित मान्नुहुन्थ्यो । उहाँदेखि नै प्रेरणा दिँदै प्रत्येक वामपन्थी नेपाली काँग्रेस भएर सोचिदिनुहोस् । र प्रत्येक काँग्रेसीले मार्क्सवादी र लेनिनवाद भएर सायद समस्याको समाधान र निकास दुवै निस्किहाल्छ कि ? यति पनि सक्दैनौ भने सहमतिको साझा दस्तावेज संविधानलाई नै हेरौं । त्यहाँ कसैको हार लेखेको छैन । सबैको जित लेखेको छ । फेरि आज हामी पराजित मानसिकतामा किन ? हाम्रो एकता र सहमतियुक्त प्रयासले नै राष्ट्रिय विकास र स्वाभिमानको यात्रा निरन्तर सही ढङ्गले चल्न सघाउने छ ।

अन्तमा सम्झौता भएको जलविद्युत् आयोजनाहरू समयमा पूरा हुन सकोस् साथै निकट भविष्यमा सम्पन्न हुन गइरहेको G20 सम्मेलनले रुस युक्रेन युद्ध र अन्य उत्पन्न आशङ्काहरूको निराकरण गर्न सफल रहोस् । धन्यवाद । र आउँदो चाडहरूलाई लक्षित गरी म माननीय सांसदहरूलाई हार्दिक मंगलमय शुभकामनासमेत दिन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम अब म माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाललाई राष्ट्रिय सभामा विचाराधीन "विद्युत् विधेयक, २०७७ फिर्ता गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री पम्फा भुसाल**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभामा विचाराधीन "विद्युत् विधेयक, २०७७ लाई फिर्ता गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय सभामा विचाराधीन "विद्युत् विधेयक, २०७७ फिर्ता गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भई सभाबाट उक्त "विधुत् विधेयक, २०७७" फिर्ता भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल असोज २ गते आइतवार बिहान १०:५९ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०७९ साल असोज २ गते आइतवार बिहान १०:५९ बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

**स्थगितः- १४:३१ बजे ।**